द.नं. ३०/०५२/०५३
पान नं. : ३०३८३६९२२

# सुनगाभा
## बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## SUNGAVA SAVING & CREDIT CO-OPERATIVE SOCITY LTD.




# ३३ औं
## वार्षिक साधारण सभा तथा ९औं अधिवेशन

# वार्षिक प्रतिवेदन
## २०८१


इलाम-७ (मालापथ), इलाम
☎ ०२७-५२४७९७
sungava.cooperative@gmail.com


Scan Me

# कर्मचारी विवरण



**श्री भुवन सुवेदी**
ब्यवस्थापक
९८५२६२७६८१



**श्री कमला थापा दाहाल**
लेखा तथा ऋण अधिकृत
९८४४३३३९९८



**श्री रिता घिमिरे**
लेखा तथा प्रशासन सहायक
९८५२७२८३३३



**श्री फुलकुमारी प्रधन (इसा)**
बजार प्रतिनिधी
९८१४०४७३४४



**श्री सुमन दाहाल**
बजार प्रतिनिधी
९८५२७६२०२०



**श्री ज्ञानु पौडेल भण्डारी**
बजार प्रतिनिधी
९८०७९४२३४९



**श्री प्रस्ना सापकोटा**
बजार प्रतिनिधी
९८१४९१०५७१



**श्री तारा रिजाल घिमिरे**
बजार प्रतिनिधी
९८५२७२११६४

# शुभकामना

सुनगाभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड, इलामको २२ औं वार्षिक साधारण सभा सम्म आइपुग्दा यस सहकारी संस्थाको मूलमन्त्र "बचत गर्ने बानीको विकास गरौं" भन्ने अनुरूप जनसमुदायमा छरिएर रहेको पूंजीलाई एकीकृत गरि सदस्यहरुको आर्थिक, सामाजिक र संस्कृतिक विकास गर्ने उद्देश्य राखि विगत ३ वर्ष अगावै रजत बर्ष मनाउन सफल भइ सकेको हामी सबैमा विदितै छ। यसै सन्दर्भमा इलाम नगर क्षेत्रलाई कर्मथलो बनाइ सदस्य र समुदायको हित हुने कार्यमा सदैव समर्पित सहकारी संस्थाले आफ्नो कार्यक्षेत्रलाई बिस्तार गर्दै सेवाका कार्य लगायत सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक विकासका लागि वार्षिक निती, कार्यक्रम बजेट व्यवस्थापन आम्दानी खर्चको बिवरण साधारण सभामा प्रस्तुत भएका प्रतिवेदन माथि सबै शेयर सदस्यहरु छलफलमा सकृय रुपमा सहभागी भएर आफ्ना विचारलाई सबैका माझमा राखि संस्था र सदस्य हितमा हुने निती तथा कार्यक्रम पारित गरी संस्थालाई मजद बनाई संस्थाको उद्देश्य पुरा गराउनु हामी सबैको कर्तव्य हुनेछ भन्ने भावना जागरण गराउन सकोस भन्ने शुभकामना व्यक्त गर्दछौं।

अन्त्यमा सहकारी संस्था संचालनमा सदैव खटिरहनु हुने संचालक समिति, उपसमिति, कर्मचारीहरु, सदस्यहरुले सहकारी प्रति पुर्याउनु भएको उच्च योगदानको कदर गर्दछौं साथै यस सहकारीलाई माया गर्नु हुने अभिभावक, समुदायका सदस्य, शेयर सदस्य र निजका परिवारहरु मृत्यु भइ परलोक गमन हुनु भएकाहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। हामी सबैमा २२ औं बार्षिक साधारण सभा तथा ९ औं अधिबेशनबाट आउने नयाँ कार्य समितिले अझ सहकारीलाई मजवुद बनाइ सदस्य र समुदायको हितमा कार्य गर्न सफलता मिलोस भन्ने शुभकामना व्यक्त गर्दछौ। वार्षिक साधारण सभाले सहकारीलाई मजवुद बनाइ सदस्य र समुदायको हितमा कार्य गर्न थप उर्जा मिलोस भन्ने शुभकामना व्यक्त गर्दछौं।

जय सहकारी

सल्लाहकार: ईश्वरकुमार सुवेदी

सल्लाहकार: नरेन्द्र खड्का

सुनगाभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड, इलाम

मिति :- २०८१/०६/१९ गते

# विषयसूची


| क्र.सं. | विवरण | पेज नं. |
|---|---|---|
| १ | आर्थिक वर्ष २०८१/०८२ का लागि प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम | १-६ |
| २ | आ.व. ०८०।०८१ यस साकोसका सचिवबाट प्रस्तुतप्रगति प्रतिवेदन | ७-२० |
| ३ | आर्थिक वर्ष २०८०/०८१ को संक्षित आर्थिक बिवरण तथा आर्थिक बर्ष २०८१/०८२ का लागि प्रस्तावित बित्तिय लक्ष्य तथा बजेट | २१-२५ |
| ४ | वार्षिक साधारण सभामा लेखा समितिको तर्फबाट प्रस्तुत गरिएको प्रतिवेदन | २६-२८ |
| ५ | लेखा प्रतिवेदन | २९-४५ |
| ६ | अनुसुचि | ४६-५० |
| ७ | सुनगाभा गतिविधिहरु | ५१-५४ |

# सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.इलामको

## आर्थिक वर्ष २०८१/०८२ का लागि प्रस्तावित बार्षिक नीति तथा कार्यक्रम

आदरणीय उपस्थित शेयर सदस्य महानुभावहरु,

सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.को २२ औं गरिमामय वार्षिक साधारण सभा तथा नवौं अधिवेशन समारोहमा हाम्रो निमन्त्रणलाई स्विकार गरि उपस्थित हुनुहुने आदरणीय प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, सल्लाहकार ज्युहरु, प्रेरणादायी व्यक्तित्वज्यूहरू, विभिन्न वित्तीय तथा गैरवित्तीय संघ संस्थाबाट उपस्थित हुनुभएका प्रमुख तथा प्रतिनिधिज्यूहरू, यसै गरि सेयर सदस्यज्यूहरू, बर्तमान सञ्चालक समिति, लेखासुपरिवेक्षण समिति एवं अन्य उप-समितिका सहकर्मी साथीहरू, संस्थाका कर्मचारी साथिहरु, पत्रकार मित्रहरू र शुभ चिन्तक महानुभावहरू ।

स्थानिय स्तरमा छरिएर रहेको सानो-सानो पूँजिलाई बचतको माध्यमबाट एकीकृत गरी त्यसैको परिचालनबाट संस्थामा संलग्न सदस्यहरुको आर्थिक तथा सामाजिक स्तर माथि उकास्दै आत्मनिर्भरता बढाउने अभिप्रायले विक्रम संवत् २०५२ साल पौष १८ गते विधिवत रुपमा दर्ता गरि यस संस्थाको स्थापना एवं शुभारम्भ गरिएको हो । २२ औं वार्षिक साधारण सभा तथा नवौं अधिवेशन सम्म आइपुग्दा संस्थाले धेरै आरोह अवरोह पार गरेको छ । यहाँसम्म आइपुग्दा संस्थाले आफ्नो दूरदृष्टि, ध्येय, उदेश्यहरु र मुल्य मान्यताहरु निर्धारण गरी पञ्च बर्षीय रणनीतिक तथा व्यवसायिक योजना निर्माण गरी संस्थालाई कुशलतापूर्वक सञ्चालन गर्न आवश्यक्ता अनुसारका नीति,निर्देशिका,कार्यविधिहरु निर्माण गरी सहकारी ऐन नियम,मापदण्ड अनुसार संस्थालाई सञ्चालन गर्दै सम्पूर्ण सदस्य तथा समुदायको आशा र भरोसाको केन्द्र बन्न प्रयत्नरतशिल रहिरहेको हामी सबैमा सर्वविदितै छ । संस्थालाई सहकारी मूल्य मान्यताका आधारमा कुशल सहकारी संस्था बनाउने अभियानमा सहयोग पुऱ्याउनु हुने इलाम नगरपालिकाको सहकारी शाखा,जिल्ला सहकारी संघ,राष्ट्रिय सहकारी बैंक इलाम शाखा, विषयगत संघहरु तथा सहकारीका नियामक निकायहरु प्रति संस्था सधैं आभारी छ । संस्थाले आयोजना गरेका कार्यक्रमहरुमा आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनुहुने सम्पूर्ण सहयोगी प्रति धन्यवाद प्रकट गर्दछौं । त्यसै गरी संस्थाका हरेक क्रियाकलापमा प्रत्यक्ष वा परोक्ष रुपमा सहभागी भई साथ,सहयोग,सल्लाह,सुझाव प्रदान गर्नुहुने सम्पूर्ण सेयर सदस्यहरुप्रति संस्था सदैव कृतज्ञ छ । संस्था सुरुवाती समयबाट यो स्तरसम्म आईपुग्नमा सल्लाहकार ज्युहरु, संचालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उप-समितिहरू, सम्पूर्ण सेयर सदस्यज्यूहरू र कर्मचारी साथि हरूको लगनशीलता, सहभागिता, समझदारी, साथ, सहयोग र प्रतिवद्धताको उपलब्धी हो भन्ने हामीलाई लागेको छ ।

हाम्रो बर्तमान अवस्थालाई आधार मानी अझ बढी जोस, जाँगर, उत्साह र प्रतिवद्धताका साथ यस सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.को चालु आ.व.०८१/०८२ को लागि प्रस्तावित नीति तथा कार्यक्रम यस गरिमामय सभामा संचालक समितिको तर्फबाट अध्यक्षको हैसियतले प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

यस सहकारीको मुल नारा नै "नियमित बचत गर्ने बानी बसालौं" भन्ने भएकोले संस्थाको चुनौतीलाई मध्यनजर राख्दै सामाजिक,आर्थिक,र सास्कृतिक विकासमा अगाडी बढाउने उद्धेश्य अनुरुप चालु बर्षको निति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

(१) संस्थाले विनियम २०५२ को पुनर्लिखित विनियम,२०७७ मा व्यवस्था भए अनुसारको निति अवलम्बन गरि बचत संकलन र ऋण लगानी गर्ने गरिएको कार्यलाई निरन्तरता दिइएको छ ।

(२) संस्थाले शेयर सदस्यको हित र सहकारी नीति नियम अनुसार बचत गरेको रकम र ऋण लगानीको ब्याज दरमा औषत अधिकतम ५.५२ प्रतिशतको फरक दरमा दैनिक कार्य सम्पादन गरिरहेकोमा

आ.व.०८०।०८१ मा पनि विगत वर्ष अनुसार नै ऋणको हकमा वार्षिक अधिकतम १४ प्रतिशत,म
उद्यमशिलता कार्यक्रममा सहभागी महिला शेयर सदस्यहरुलाई १२ प्रतिशत र स्थाई कर्मचारीहरुले
ऋण रकम १० प्रतिशत व्याज दरमा ऋण लगानी गर्ने व्यवस्थालाई यथावत राखेको छ ।
कर्मचारीको हकमा यदि माग भई आएमा प्रति कर्मचारीलाई अधिकतम रु.५०००००। पाँच लाख
लगानि गर्ने व्यवस्थालाई समेत निरन्तरता दिइएको छ.।

(३) साधारण सभामा गत आ.व.०८०।०८१ को आषाढ मसान्त सम्ममा सदस्यता लिएका उपस्थित
सदस्यहरुलाई विगत वर्ष अनुसार नै भत्ता वापत रु. ५८९।- मा नियमानुसार लाग्ने कर कट्टी गरी
भुक्तानी गरिने व्यवस्थालाई निरन्तरता दिईएको छ भने नियमित बाल बचत गर्ने बाल
सदस्यहरुलाई परिवहन र खाजा खर्च स्वरुप रु ३५०।- नानीहरुकै बचत खातामा जम्मा गरि भुक्त
गरिने व्यवस्थालाई समेत यथावत राखिएको छ ।

(४) सदस्यता लिएर ३ महिना व्यतित गरि नियमित बचत,शेयर,ऋणको किस्ता,व्याज आदि कारोवा
निरन्तरता दिएका क्रियाशिल शेयर सदस्यहरुको मृत्यु भएमा काजक्रिया वापत एकमुष्ठ रु १,००,०
एक लाख रुपयाँ मात्र) शेयर सदस्यका परिवारलाई उपलव्ध गराइने व्यवस्थालाई यस आ.व.मा
निरन्तरता दिइएको छ सोको व्यवस्थापनका लागि सदस्यता राहात कोषमा शेयर सदस्यहरुबाट वा
रु.५००।- पाँचसय रुपयां मात्र अनिवार्य जम्मा गर्ने र सोहि कोषवाट यो रकम भुक्तान गरिने व्यव
समेतको निरन्तरता गरिएको छ । कुनै शेयर सदस्यले यो सदस्य राहात कोषमा जम्मा गर्नु पर्ने र
रु.५००।-वार्षिक रुपमा कारणवस जम्मा नगरेमा रकम जम्मा नगर्ने शेयर सदस्यलाई यो सेवा,सु
उपलब्ध गराउन संस्था बाध्यहुने छैन ।

साथै चालु आ.व.वाट विगत १० वर्ष देखि निरन्तर यस संस्थामा आवद्ध भई कारोवार गरिरहेका शेयर सदस्य
उमेरको कारणले गर्दा बृद्ध सदस्यमा समावेश भएका वृद्ध सदस्यहरुलाई पनि शेयर सदस्यकै हैसियत
गणना गरि वार्षिक रु.५०० रहात कोषमा जम्मा गराई शेयर सदस्यकै नियम संवत मृत्यु पश्च
घरपरिवारलाई उपलब्ध गराइने रकम रु.१००००० अक्षरेपी एकलाख रुपयाँमात्र उपलब्ध गरा
व्यवस्था लागु गरिने छ तर संस्थामा आवद्धता भएको १० वर्ष अनिवार्य पुगेको र नियमित कारो
गरेको हुनु पर्ने छ ।

(५) संस्थाको स्थायी सम्पत्ती घर जग्गा खरिद र ऋण जोखिमलाई न्यूनीकरण गर्न घर जग्गा खरिद कोष त
ऋण जोखिम कोषलाई मजवुद गर्दै लगिनेछ साथै ऋण लिने ऋणी शेयर सदस्यहरुले गत आ.व.मा ज
प्रति लाखको ऋण रकममा रु.५५०।- पाँचसय पचास मात्र ऋणको जोखिम बहन वापत ऋण जोखि
विमा रकम भुक्तान गर्नुपर्ने व्यवस्थालाई समेत चालु आ.व.मा निरन्तरता दिईएको छ साथै ऋण वि
वापतको रकम ऋणी सदस्य स्वयंले बेहोर्नुपर्नेछ ।

संस्थाका सिचवको संयोजकत्वमा ३ सदस्य म्यादि विमा कम्पनी छनौट कार्यदल गठन गरि कम्पनिह
संग स्किम सहित कोटेशन पेश गर्न भनिए वमोजम जिल्लामा भएका ११ वटा कम्पिनिहरुवाट य
संस्थाका क्रिणि सदस्यहरुलाई छिटो,सुलव दरमा सेवा प्रदान गर्ने र यस संस्थाको नियम संग मिल्ल
उपर्यक्त ११ वटा कम्पनि मध्येवाट श्री सूर्यज्योति जिवन विमा कम्पनि छनौटमा पर्न सफल भए संगै उ
कम्पिनि संग सम्भौता गरि कार्यन्वयन गरिरहेको व्यहोरा समेत सम्मानित सभा समक्ष जनाउँ गर्दै ऋ
विमा गर्नु भएका क्रिणि सदस्य ज्युहरुलाई आफुले गरेको ऋण विमाको,विमा कम्पनिवाट जारि गरे
रसिद संस्थामा क्रिणि स्वयम उपस्थित भई बुझिलिनहुन समेत अनुरोध गर्दछु ।

(६) ऋण लगानी तथा असुली प्रकृयालाई चुस्त दुरुस्त राख्न निर्देशिकामा व्यवस्था भए अनुसार कडाइव
साथ पालना गरि ऋण लगानी सुरक्षित र भरपर्दो बनाई असुलीको लागी घरदैलो कार्यक्रम सहित कानु
व्यवस्था अनुसार भाखा नागेका खराव कर्जाहरुको हकमा राष्ट्रिय स्तरको पत्रपत्रिका लगायतका संचा
गृहहरुमा नाम प्रकाशन तथा प्रसारण गर्दै धितो लिलामी/सखारर्ने व्यवस्थालाई लागु गरिनेछ ।

(७) शेयर सदस्यहरुको क्षमता अभिवृद्धि गर्न शेयर सदस्यहरुको माग बमोजिमका लघु उधमशिलता, सहकारी शिक्षा,वित्तिय साक्षरता,शिप विकास लगायतको तालिमहरु संस्थाको क्षमता अनुसार संचालन गरिनेछ ।

(८) संस्थाका संचालक तथा कर्मचारीहरुलाई समय सापेक्ष तालिम, शिप विकास र क्षमता बृद्धिमा जोड दिइनेछ । साथै कर्मचारीहरुको कार्य सम्पादन मुल्याङ्कन गरी पुरस्कार र दण्डको व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ ।

(९) संस्था र शेयर सदस्यहरु बिच सुमधुर सम्वन्ध कायम राख्न र आफ्नो अनुभव आदान प्रदान, छलफल, कार्यशालाआदि लगायत सदस्यताबृद्धिका कृयाकलापहरु नियमित संचालन गरिनेछ ।

(१०) संस्थाको मानव संसाधन नितिको दफा १४.१ अनुसार संस्थामा दशकौ देखि एकै पदमा कार्यरत स्थाई कर्मचारीहरुको आन्तरिक बढुवा तथा पदिय जिम्मेवारी हेरफेर गरि व्यवस्थापन पक्षलाई चुस्त, दुरुस्त राख्न र छिटो, छरितो सेवा प्रदान गराउन आन्तरिक बढुवा र रिक्त पदमा पदपुर्ति गरिने व्यवस्थालाई कार्यान्वयनमा ल्याइने छ ।

(११) संस्थामा दैनिक पहिलो सेवा लिन आउने शेयर सदस्यलाई मेम्वर अफ द डे बाट सम्मानित गरिनेछ । साथै कुनै एक शेयर सदस्यले एकै महिना भित्रमा थप १० जना शेयर सदस्य बनाएमा मेम्वर अफ दि मन्थ भन्ने ट्रफी सहित संस्थाको फेसबुक पेजमा राख्ने व्यवस्थालाई यथावत राखिएको छ ।

(१२) शेयर सदस्यहरुलाई ऋण माग फाराम दर्ता भएको प्राथमिकताका आधारमा ऋण लगानी गरि समयमा ऋणको किस्ता र ब्याज बुझाउने सेयर सदस्यलाई पाकेको ब्याजको ७ प्रतिशत छुट दिने व्यवस्थालाई यथावत राखिएको छ ।

(१३) बचत जमानी तथा धितो जमानीमा ऋण लगानी गर्ने नीतिलाई यथावत राखीएको छ । यस्तै गरेर धितो जमानीमा अधिकतम तीस लाख (पाँचवर्ष) सम्मका लागी ऋण लगानि गर्दै लगिने नितिलाई समेत यथावत राखिएको छ भने ऋणको ब्याज र किस्ता मासिक रुपमा अनिवार्य असुली गर्ने व्यवस्थालाई कडाईका साथ लागू गर्ने प्रणालिलाई निरन्तरता दिइने छ ।

(१४) संस्थामा गठित ऋण लगानि तथा असुलि र धितो मुल्याङ्कन उपसमितिका संयोजक तथा सदस्यहरुले बैठक बसी ऋण लगानीको सिफारिस तथा स्विकृत गरेपछि मात्र ऋण लगानी गरिने व्यवस्थालाई यथावत राख्दै चा.लु.आ.व.मा नियामक निकायले समेत सुरक्षित ऋण व्यवस्थापन गर्न सुझाए अनुसार र संचालक समितिको चालु आ.व.को प्रथम बैठक.बाट पांचलाख रुपयां भन्दा माथि यदि धितोबाट ऋण लगानि गर्नु परेमा कम्तिमा ३ वटा दर्तावाला भ्यालुएटर कन्सलटेन्सि फर्महरुको खुल्ला कोटेशन माग गर्ने र प्रति धितो मुल्यांकन गर्दा जस्ले कम शुल्कमा, छिटो र नियम संमत काम गर्न सक्छ सोहि फर्मलाई छनौट गरि कार्यान्वयन गर्ने भन्ने निर्णय मुताविक नगरपालिका क्षेत्र भित्रका जुन सुकै वडाका ऋणि सेयर सदस्यहरुको धितो मुल्यांकन गर्दा प्रति धितो कर सहित रु.३,००० मा गर्न सक्ने भन्ने कोटेशन पूर्वाञ्चल इन्जिनियरिङ्ग कन्सलटेन्सि इलामको अन्य कोटेशन फर्म भन्दा कम शुल्क देखिएको हुँदा उक्त फर्मलाई छनौट गरि जिम्मेवारी दिइएको जानकारी गराउँदै यस कार्यको अनुमोदनका लागि सम्मानित सभा समक्ष पेश गर्दछु । प्रति धितो मुल्यांकन गर्दा लाग्ने शुल्क रु.३,००० तिनहजार रुपयां मात्र सम्वन्धित ऋणि सदस्य स्वयमले तिर्ने व्यवस्था गरिएको छ । ऋण लगानि गर्दा ऋण रकम हेरि अनिवार्य बचत व्यवस्थापन तथा ऋण परिचालन निर्देशिका २०८१ले तोकेको मापदण्ड अनुसार ऋण लगानि गर्नु पर्ने छ ।

(१५) बचत रकमको नियमानुसारको अनिवार्य दशाँस शेयर जम्मा गर्नु पर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ ।

(१६) संस्थाका उत्कृष्ठ शेयर खरिद कर्ता १ जना, उत्कृष्ठ मासिक बचत कर्ता १ जना, उत्कृष्ठ दैनिक बचत कर्ता १ जना, असल ऋणी सदस्य १ जना,आवधिक बचत गर्ने मध्येबाट ठुलो रकम,बहुवर्षे आवधिक बचत

गर्ने १ जना र नियमित बाल बचत गर्ने सदस्य १ जना,सबै भन्दा कम उमेरबाट बचत गर्न शुरु गर्ने ब बचतकर्ता १ जना र संस्थामा कार्यरत कर्मचारीहरु मध्येबाट गत आ.व.मा उत्कृष्ठ कार्य सम्पादन गर्ने जना कर्मचारीलाई आर्थिक प्रशासन तथा मानव संशाधन निति २०७७ बमोजिम यस बार्षिक साधा सभामाबाट सम्मान तथा पुरस्कृत गरिने छ ।यस सम्मानित कार्यक्रमको खर्च संस्थाको सदस्यता सम्म तथा रहात कोषबाट गरिने छ ।

(१७) संस्थाका शेयर सदस्यका सामुदायिक तथा निजी विद्यालयबाट SEE परिक्षामा सर्वोत्कृट अंक ल्याउने जना छात्रा, १ जना छात्र गरि २ जना लाई जनही रु.५,५००। का दरले र कक्षा बाह्र उर्तिण गर्ने १ ज छात्रा, १ जना छात्र गरि २ जनालाई जनही रु.६,५००। का दरले प्रशंसा पत्र सहित सम्मान बार्षि साधारण सभामा गरिने छ । साथै बराबरी अंक ल्याएका उल्लेखित छात्रा तथा छात्रहरु ४ जना भन बडी भएमा समेत माथिकै पुरस्कार रकमलाई दामासायीले वितरण गरिने व्यवस्था लागु गरिएको छ ।

(१८) संस्थाका महिला शेयर सदस्य सुत्केरी भएमा बढीमा २ बच्चा सम्मलाई गत आ.व. २०८०।०८१ व नवजात शिशुको हकमा रु. ५०० संस्थाले भुक्तान गरि बाल बचत खाता खोलिदिने र सुत्केरी शे सदस्यको पोषणका लागि रु २०००। उपलब्ध गराइ जम्मा रु २५००। संस्थाबाट भुक्तान गरा व्यवस्थालाई चा.लु. आ.व.मा पनि निरन्तरता दिइएको छ ।

(१९) घर जग्गा खरिद कोष व्यवस्थापनको लागि शेयर सदस्यहरुबाट अनिवार्य रु ५००। लिइ घर जग्गा को बृद्धि गरिने व्यवस्थालाई निरन्तरता दिदै कडाईका साथ लागु गरिनेछ ।

(२०) समय सापेक्ष सहकारी श्रेस्ता प्रणालीलाई व्यवस्थित गर्न सहकारीको कारोवार सफ्टवेयरको माध्यमब थप व्यवस्थित गर्दै लगिने छ । संस्थाको दैनिक बचत संकलनकार्य लाई थप सहज र व्यवस्थि बनाउनको लागि कर्मचारीहरुलाई सफ्टवेयर, कलेक्टर एप्सको प्रयोग तथा सहकारी व्यवस्था सम्बन्धिका तालिमहरुमा सहभागिता गराउँदै लगिने छ र समय सापेक्ष सफ्टवेयरका अन्य फिचरह मोवाईल बैंककिङ्ग, एस.एम.एस.क्युआर सेवा आदि उपलब्ध गराउँदै लगिने व्यवस्थालाई निरन्तर दिइएको छ ।

(२१) कर्मचारीहरुको विदाहरुमा संचित हुने बाहेकको विदाहरु बाकि देखिएमा वार्षिक भुक्तानी f व्यवस्थालाई कर्मचारी हितकोष नामाकरण गरि वार्षिक तलब प्रक्षेपण सँगै यस उत्प्रेरणा कोषको रक पनि विनियोजन गर्दै लगिने व्यस्थालाई निरन्तरता दिइएको छ । यो कोष बृद्धिका लागि कर्मचारी हितक खर्च शिर्षक कायम गरि संस्थामा कर्मचारी बचत खातामा उक्त कोष बृद्धि गर्दै लगिने छ ।

(२३) संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिको सेवा सुविधा विगत बर्षहरु बमोजिम नै कायम र व्यवस्थालाई निरन्तरता दिइएको छ ।

(२४) चालु आ.ब.०८१।०८२ को लेखा परिक्षक श्री प्रज्जवल अधिकारी, सि.ए., केशव भट्टराई र अनिन प्र भट्टराई मध्येबाट १ जनालाई नियुक्ति गर्ने साथै एन.एफ.आर.एस.को फुल भरसनमा लेखा परिक्षण लागि आग्रह गर्ने र पारिश्रमिक बापत अधिकतम कर सहित रु ५०,०००।-प्रस्ताव गरिएको छ र कार्यको जिम्मेवारी समेत संचालक समितिलाई अख्तियारी दिन भन्ने प्रस्तावलाई समेत अनुमोदन लागि सभामा पेश गरिएको छ ।

(२५) संस्थाले आवश्यक्ता महशुस गरेमा कार्यक्षेत्र विस्तार संगै आवश्यकता अनुसार सेवाकेन्द्र स्थापना जाने व्यवस्थालाई निरन्तरता दिइएको छ ।

(२६) संस्थाको निती, नियम, निर्देशिका, विनियम, कार्यविधि र सहकारी ऐनमा व्यवस्था भए अनुसार निय रुपमा ३ महिना सम्म बचत, ऋण लगानीको व्याज, किस्ता नबुझाउने शेयर सदस्यहरुको हक बचतको व्याज र लाभांश बाहेकका अन्य सेवा सुविधा उपलब्ध गराउन संस्था बाध्य नहुने व्यवस्था निरन्तरता दिइएको छ ।

(२७) नेपाल सरकारद्वारा संचालित स्वास्थ्य विमा सेवामा आवद्ध भै नियमित रुपमा नविकरण गर्ने शेयर सदस्यहरुलाई विमा नविकरण रकमको २५ प्रतिशत रकम, रु.८७५ (प्रति एक घर बराबर) पेश भएका कागजातका आधारमा संस्थाले नगदै उपलब्ध गराइने व्यवस्थालाई निरन्तरता दिइएको छ

(२८) संस्थाले आवश्यक्ता महशुस गरेमा संस्थालाई आवश्यक कम्प्युटर, फर्निचर, औजार लगायतका समानहरु संस्थाको नियमानुसार खरिद गर्दै जानेछ ।

(२९) संस्थाले सदस्यहरुलाई र सदस्यको एकाघरका परिवारहरुलाई सहयोग, पुरस्कार-सम्मान तथा रहात उपलब्ध गराउंदा संस्थाको सम्मान तथा राहात कार्यविधि-२०७८ मा व्यवस्था गरे अनुरुप कार्यन्वयन गरिने छ ।

(३०) सेफ(भल्ट) तथा ट्रान्जिट (कार्यालय देखि बैंक सम्म, बैंक देखि कार्यलय सम्म) विमालाई निरन्तरता दिइने छ साथै कार्यालयका स्थायी कर्मचारीहरुको विमा गर्ने कार्यलाई समेत निरन्तरता दिइएको छ ।

(३१) वृत्ति विकास, क्षमता अभिवृद्धि आदि जस्ता तालिम कार्यक्रमहरुमा आवश्यक्ता अनुसार लागत सहभागिता वा राष्ट्रिय तथा अन्तराष्ट्रिय सहकारी क्षेत्रका छाता संगठनहरु वा वित्तिय संस्थाहरुले गोष्ठि वा तालिममा आवहान गरेमा वा नियामक निकायसँगको समन्वयमा भएका तालिम, गोष्ठि, सेमिनार आदिमा संस्थाका कर्मचारी, उप-समितहरु, लेखा सुपरिवेक्षण समिति र संचालक समिति भित्रवाट आवश्यक्ता र इच्छा अनुसार आलो पालो गरि सहभागिता जनाउने क्रमलाई निरन्तरता दिइनेछ ।

(३२) गत आ.व. देखि कुनै पनि व्यक्ति यस सहकारी संस्थामा स्वत स्फुर्त रुपमा सदस्य बन्न आएमा वा चाहेमा संस्थाको नियमानुसार लाग्ने प्रवेश शुल्क वापत संस्थाले दिने प्रवेश शुल्क रु.१००। छुट दिने निती अवलम्वन गरिने व्यवस्थालाई यस आ.व.मा पनि निरन्तरता दिईनेछ ।

(३३) गत आ.व. देखि अपाङ्ता भएका व्यक्ति तथा एकल (महिला, पुरुष) व्यक्ति दुवै व्यक्तिहरुलाई सदस्य बन्न आएमा या चाहेमा संस्थाको नियमानुसार लाग्ने प्रवेश शुल्क वापत संस्थाले लिने प्रवेश शुल्क रु.१०० छुट दिने निती अवलम्वन गरिने व्यवस्थालाई यस आ.व.मा पनि निरन्तरता दिइएको छ ।

(३४) गत आ.व देखि बाल बचत सदस्य बन्ने क्रममा स्वत स्फुर्त रुपमा सदस्यता लिन आएमा पनि संस्थाको नियमानुसार लाग्ने प्रवेश शुल्क वापत संस्थाले लिने प्रवेश शुल्क रु.५०। छुट दिने निती अवलम्वन गरिने व्यवस्थालाई यस आ.व.मा पनि निरन्तरता दिइएको छ ।

(३५) विगत वर्षहरुमा जस्तै शेयर सदस्यहरुको मागमा आधारित भएर उपयुक्त स्थानमा यस आ.व.०८१।०८२ मा पनि शेयर सदस्यहरुको हितका लागि नि:शुल्क स्वास्थ्य शिविर तथा प्राथमिक उपचारको प्रशिक्षक प्रशिक्षण तालिमहरु विज्ञ प्रशिक्षकवाट वडाहरुको टोलगतरुपमा १ जनाको दरले प्रतिनिधित्व गराई विभिन्न वर्षहरुमा संस्थाको कार्यक्षेत्र भित्र संचालन गरिनेछ ।

(३६) वाहिय सहकारी संघ संस्थाहरुवाट यस संस्थामा अध्ययन अवलोकन भ्रमण गर्न आएमा व्यवस्थापन खर्च वापत रु.२५००। संस्थाले लिने र सो रकमलाई संस्थाको आयमा बाध्ने व्यवस्थालाई यस आ.व.मा पनि निरन्तरता दिइएको छ ।

(३७) विगत वर्षहरुवाट नै कार्यान्वयनमा रहेका बचत संचालन निर्देशिका, २०६८ र दैनिक कार्य संचालन निर्देशिका २०६१ लाई समय सापेक्ष परिस्कृत गर्नुपर्ने तथा सहकारी ऐन २०७४ समेतको भावना अनुसार कार्य सम्पादन गराउनु पर्ने भएकोले माथि उल्लेखित निर्देशिकाहरुलाई समेट्दै,दुबै निर्देशिकाको सट्टामा नयाँ निंदेशिका तयार गरि २२ औ सभावाट अनुमोदन भए पश्चात लागु गर्ने भन्ने संचालक समितिको बैठकको निर्णय अनुसार संस्थाले *बचत व्यवस्थापन तथा ऋण परिचालन निर्देशिका-२०८१* तयार गरि सकिएको जनाउं गर्दै अनुमोदनका लागि यस सभामा पेश गरेको समेत अनुरोध गर्दै, अनुमोदन पश्चात कार्यान्वयन गरिने व्यहोरा पनि सम्मानित सभालाई जानकारी गराउंदछु ।

(३८) सहकारी ऐन २०७४ ले व्यवस्था गरे बमोजिम बचत तथा ऋण सहकारी संस्थाले पुजीको ३० सम्म लगानी गरी गैर वित्तिय कारोबार(उद्यम, व्यवसाय आदि) गर्न पाउने व्यवस्था अनु दिनहरुमा यस संस्थाले पनि उक्त कार्य गर्नको लागि सम्भाव्यता अध्ययन गरी बचत तथा ऋण क्षेत्रमा ३० प्रतिशत पुजी लगानी गरी भावि दिनहरुमा व्यवसायीक कार्य प्रारम्भ गर्ने प्रस्तावल यस सभामा अनुमोदन गरिदिनु हुन अनुरोध गर्दछौं ।

(३९) विगत बर्षहरुमा जस्तै संस्थाले चालु आ.व.मा पनि वार्षिक रुपमा एक पटक संस्थाबाट ल कर्जाको ब्याजदर र संस्थामा बचत गरेको रकमको ब्याज दर संचालक समितिबाट हेरफेर नितिलाई समेत निरन्तरता दिइएको छ ।

आदरणीय उपस्थित मान्यजन तथा शेयर सदस्य महानुभावहरु,

हाम्रो निमन्त्रणालाई स्वीकार गरि यस सभामा उपस्थित भई सभालाई हौसला दिनुहुने प्रमुख अतिथि सल्लाहकार ज्युहरु,संचारकर्मी मित्रहरु प्रेरणादायी ब्यक्तित्वहरु लगायत उपस्थित शेयर धनि महानु कर्मचारी साथीहरुमा चालु आ.व. २०८१।०८२ को निति तथा कार्यक्रमहरुलाई गहन अध्ययन मनन सुझाव भए राय सुझाव सहित अनुमोदनका लागि यस सम्मानित सभा समक्ष पेश गरिएको गराउँदछु । यस्तै गरेर दिवङ्गत हुनु भएका सेयर सदस्य तथा सेयर सदस्य ज्युहरुका एका घर सदस्यहरुमा भावपुर्ण श्रद्धान्जली अर्पण गर्दै दिवङ्गत आत्माको चिर शान्तिको कामना गर्दछौं ।

अन्त्यमा,नेपालीहरुको महान पर्व बडा दशैं २०८१,दिपबाली,छैट,नेपाल संवत् लगायतका चाड पर्वहरु उपस्थित सम्पुर्ण महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जय सहकारी

संचालक समितिको तर्फबाट,

गोपाल पौड्याल

(अध्यक्ष)

मिति : २०८१ असोज १९ गते

सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.,इलाम ।

# आ.व. ०८०।०८१ यस साकोसका सचिवबाट प्रस्तुतप्रगति प्रतिवेदन

सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.को २२ औं बार्षिक साधारण सभा तथा नवौं अधिवेशन समारोहमा उपस्थित हुनु हुने आदरणीय प्रमुख अतिथिज्यु, अतिथिज्यूहरू,सल्लाहकार ज्युहरु, प्रेरणादायी व्यक्तित्वज्यूहरू,बिभिन्न वित्तीय तथा गैरवित्तीय संघ संस्थाबाट उपस्थित हुनुभएका प्रमुख तथा प्रतिनिधिज्यूहरू, सेयर सदस्यज्यूहरू, वर्तमान सञ्चालक समिति, लेखासुपरिवेक्षण समिति एवं अन्य बिभिन्न उप-समितिका सहकर्मी साथीहरू,संस्थाका कर्मचारी साथीहरु, पत्रकार मित्रहरू र शुभ चिन्तक महानुभावहरू ।

१. दुरदृष्टि (Vision):

"नीति विधि र प्रविधिमा अब्बल सहकारी"

२. ध्येय (Mission):

"सदस्यहरुलाई छिटो छरितो सेवा प्रदान गर्ने

आ.व.०८०।०८१ को प्रगति समीक्षा

## १.संस्थाको संस्थागत जनशक्ति विवरण

| क्र.सं. | विवरण | आ.व.०७९।०८० सम्मको | आ.व.०८०।०८१ मा थप | २०८१ भाद्र महिनाको मसान्त सम्मको | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सेयर सदस्यहरुमा वृद्धि | १६७१ जना | ३५० जना | ३३ जना | जना संस्थागत ६ | २०६० जना |
| २. | बाल बचत सदस्यहरु | ३८७ जना | १४७ जना | ४ जना | ५३८ जना | |
| ३. | जेष्ठ नागरिक बचत सदस्य | ६१ ज्ना | १६ जना | २ जना | ७९ जना | |
| ४. | संचालक समिति | ९ जना म.४,पु.५.०० | ० | ० | ९ जना म.४,पु.५ | यस अवधि भर अपरिर्वतनशील संख्या |
| ५. | लेखा सुपरिवेक्षण समिति | ३ जना | ० | ० | ३ जना | - " " |
| ६. | धितो मुल्यांकन उप-समिति | ३ जना म.००, पु.३ | ०.०० | ० | ३ जना म.००, पु.३ | |

| क्र.सं. | विवरण | आ.व.०७९।०८० सम्मको | आ.व.०८०।०८१ मा थप | २०८१ भाद्र महिनाको मसान्त सम्मको | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| ७. | ऋण स्वीकृत,लगानी तथा असुली उप-समिति | ३ जना म.००, पु.३ | ०.०० | ० | ३ जना म.००, पु.३ | |
| ८. | सहकारी शिक्षा उप-समिति | ३ जना म.१, पु.२ | ०.०० | ० | ३ जना म.१, पु.२ | |
| ९. | सदस्यता बृद्धि,संकलन केन्द्र र सेवा केन्द्र व्यवस्थापन उप-समिति | ४ जना म.४, पु.० | ०.०० | ० | ४ जना म.४, पु.० | |
| १०. | महिला उद्यमशिलता बिकास तथा महिला शसक्तिकरण उप-समिति | ३ जना म.३, पु.०० | ०.०० | ० | ३ जना म.३, पु.०० | |
| ११. | ऋण अनुगमन उप-समिति | ३ जना म.००, पु.३ | ०.०० | ० | ३ जना म.००, पु.३ | |
| १२. | कर्मचारी संख्या | ८ जना म.६,पु.२ | ० | ० | ८ जना म.६,पु.२ | |
| १३. | सल्लाहकार संख्या | २ जना म.००,पु. २ | ०.०० | ० | २ जना म.००,पु. २ | |

## २. नियमित कार्यसम्पादन

यसै गरि गत आ.व.( ०८० साल श्रावण देखि ०८१ आषाढ मसान्त सम्म ) बिभिन्न मितिमा विभिन्न कार्यहरु सम्पादन गर्नका लागि संचालक समितिको बैठक १४ पटक बसेको कुरा जानकारी गराउन चाहान्छौ ।

### बैठकमा उपस्थिति बिवरण

| पद | नाम/थर | उपस्थिति संख्या |
|---|---|---|
| अध्यक्ष | गोपाल पौड्याल | १४ |
| उपाध्यक्ष | चन्द्रमणी भट्टराई | १२ |
| सचिव | जिवन कोईराला | १३ |
| कोषाध्यक्ष | बालकृष्ण बस्नेत | १३ |
| सदस्य | यसोदा देवान | ९ |

| पद | नाम/थर | उपस्थिति संख्या |
|---|---|---|
| सदस्य | निर्लज्जा खड्गी | ० |
| सदस्य | गंगा उप्रेती | १३ |
| सदस्य | सुमन दास | ८ |
| सदस्य | अम्बिका कार्की | १३ |
| सदस्य | निर्लज्जा खड्गी | ० |

## ३. बचत तथा ऋण परिचालन

- संस्थाले सञ्चालन गर्ने सेवाहरुलाई विविधिकरण गर्दै लैजाने क्रममा बचतका सेवामा पनि विविधीकरण गर्दै लैजाँदा सदस्यज्यूहरुको सक्रिय सहभागितामा पनि बृद्धि हुन गई बचत सङ्कलनमा प्रत्यक्ष सकारात्मक प्रभाव परेको छ ।
- बिगतका बर्षहरुमा आयमुलक र व्यवसायिक क्षेत्रमा बढी ऋण माग तथा लगानी हुँदै आएकोमा यस आ.व.०८०।०८१ मा स्वास्थ्य उपचार,व्यापारिक ,शैक्षिक,कृषि तथा पशुपालन,घर जग्गा खरिद बिक्री,महिला उद्यमशीलता र आकस्मीक ऋण लगानी गरिएको छ । ऋण लगानी गर्नुपूर्व उच्च सावधानी र सुरक्षणमा विशेष जोड दिइ ऋणीको अनिवार्य विमा गरेर मात्र ऋण लगानी गरिदै आएको छ ।

## ४. सदस्य शिक्षा

- सदस्यहरुलाई विभिन्न माध्यमबाट संस्थागत गतिविधहरुको जानकारी मार्फत सुसूचित गराउने प्रयासमा संस्थाको आधिकारीक फेसबुक पेज साथै यस आ.व.बाट संस्थाको वेव पेज तय गरि उक्त पेजमा संस्थागत सूचनाहरु र क्रियाकलापहरु सदस्य सम्म पुर्याउने कार्यलाई निरन्तरता दिइएको छ ।

## ५. सदस्य स्वास्थ्य एवं सहभागिता

- महिला सेयर सदस्यहरुलाई बढिमा दुई सन्तान जन्माउँदा सुत्केरी पोषण अन्तर्गत उपलब्ध गराउँदै आएको रु.१,८००।- एक हजार आठसय रुपयाँ र नवजात शिसुको नाममा (बाल बचत) रु.२००। गरि कुल रु.२,०००।०० दुईहजार रुपयाँको सहयोगलाई आ.व.०७९।०८० देखि बृद्धि गरि निरन्तरता दिईएको छ । यस आ.ब.मा सुत्केरी पोषण अन्तर्गत संस्थाका २७ जना महिला शेयर सदस्यहरुले यो सुविधा लिनु भएको थियो भने गत बर्ष यो सुविधा लिने महिला सदस्यको संख्या २१ जना रहेको थियो ।
- विगत.बर्षबाट सेयर सदस्य स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत एक परिवार भित्रका ४ जनालाई नविकरण शुल्क बापत स्वास्थ्य बिमा बोर्डले लिने रकम रु.३,५०० मध्ये सेयर सदस्यलाई संस्थाले नगद रु. ८७५। भुक्तान गर्ने कार्यलाई यस आ.व.मा पनि निरन्तरता गरिएको छ । यस आ.ब.मा यो सुविधा ३२३ जनाले लिनु भएको थियो भने गत आ.ब.मा २०४ जना सेयर सदस्यहरुले स्वास्थ्य बिमा बापतको सेवा लिनु भएको थियो

### आ.ब. ०८०।०८१ मा तालिम ,गोष्ठी, बैठकहरुमा सहभागिता सदस्य सम्मान तथा आर्थिक सहभागिता

- बचत तथा ऋण जिल्ला सहकारी संघ लि. इलामको २१ औं बार्षिक साधारण सभामा संस्थाका अध्यक्षले सहभागिता गर्नुभएको थियो ।
- जिल्ला सहकारी संघको आयोजनामा नेफस्कुनका अध्यक्ष समेतको उपस्थितीमा भएको सहकारी सम्वन्धी गोष्ठिमा संस्थाका अध्यक्षले सहभागिता गर्नुभएको थियो ।
- जिल्ला सहकारी संघ लि इलामले आयोजना गरेको विभिन्न बैठकहरुमा संस्थाका अध्यक्ष र व्यवस्थापकले सहभागिता गर्नुभएको थियो ।
- जिल्ला सहकारी संघको बार्षिक साधारण सभामा संस्थाका अध्यक्षले आधिकारीक प्रतिनिधीको रुपमा सहभागिता गर्नुभएको थियो ।
- जिल्ला सहकारी संघले तयार गरेको सहकारी क्यालेण्डर प्रकाशन गर्न संस्थाको तर्फबाट रु.१,०००। प्रदान गरिएको थियो ।

- राष्ट्रिय सहकारी बैंक इलामले आयोजना गरेको २ दिने व्यवस्थापकहरुको क्षमता अभिवृद्धि तालिममा संस्थाका व्यवस्थापकले सहभागिता गर्नुभएको थियो ।
- ६७ औं राष्ट्रिय सहकारी दिवश मनाउने सन्दर्भमा संस्थाका पदाधिकारी,कर्मचारीहरुले सकृयतापुर्वक सहभागिता गर्नुभएको थियो । यस कार्यक्रममा आ.व ०७९।०८० मा शहरी तथा ग्रामिण क्षेत्रमा रहेका सदस्यहरुलाई वित्तिय कारोबार मार्फत सामाजिक पुँजी निर्माणका साथै उत्पादनमा जोड्ने गरी पुर्याएको उत्कृष्ठ सेवा,सामाजिक कार्य र संघसंगको नियमित कारोबारको उच्च प्रशंसा गर्दै जिल्ला सहकारी संघ लि.को आयोजना इलाम नगरपालिकाको सहयोगमा आयोजित तेस्रो जिल्ला सहकारी सम्मेलन २०८० मा इलाम नगरपालिका स्तरबाट उत्कृष्ठ सहकारी बन्न सफल भएकोमा यस संस्थालाई सम्मान पत्र सहित पुरस्कृत गरिएको थियो ।
- शेयर सदस्यहरुको लागि स्वास्थ्य शिविर संचालन गर्ने क्रममा यस बर्ष महिला शेयर सदस्यहरुको लागि पाठेघर रोग सम्बन्धी र वरिष्ठ फिजिसियन डाक्टरहरुको संलग्नतामा सबै सदस्यहरुको लागि निशुल्क स्वास्थ्य संचालन गरियो जसमा करिव २७८ जना (२ वटा शिविर) शेयर सदस्यहरुले नि : शुल्क स्वास्थ्य सेवा लिनु भएको थियो ।
- यस संस्थाको संचालक समितिका अध्यक्ष र कोषाध्यक्षले भारतको महाराष्ट्र पुनेमा आयोजना भएको आय आर्जनको कृयाकलापबाट महिलाहरुको शसक्तिकरण विषयक साउथ एसिया अन्तराष्ट्रिय स्तरको ४ दिने तालिममा सहभागिता गर्नुभएको थियो ।
- नेपालका विभिन्न जिल्लाबाट अवलोकन भ्रमण गर्ने क्रममा यस वर्ष जगत भन्ज्याङ्ग बचत तथा ऋण सहकारी संस्था बाट यस संस्थाको अध्ययन अवलोकन भ्रमण गरीएको थियो ।
- प्रदेश नं १ थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ लि को वार्षिक साधारण सभामा यस संस्थाबाट संस्थाका व्यवस्थापकले सहभागिता गर्नुभएको थियो ।
- जिल्ला सहकारी संघ लि को अगुवाईमा इलाम नगर क्षेत्र भित्रका सहकारीहरुको ऋण तथा व्याज असुलीमा भएको समस्या विषयक छलफल कार्यक्रममा संस्थाका अध्यक्ष र व्यवस्थापकले सहभागिता गर्नुभएको थियो ।
- जिल्ला सहकारीसंघ लि. इलामको अगुवाईमा जिल्ला प्रशासन कार्यालय इलामले आयोजना गरेको बैंक तथा वित्तिय संघ संस्थाहरुको समसामयिक विषयमा भएको छलफल कार्यक्रममा संस्थाका अध्यक्ष र व्यवस्थापकले सहभागिता गर्नुभएको थियो ।
- नेफस्कुन र US Aid का प्रतिनिधी र संचालक समितिका पदाधिकारीहरु बिचमा वित्तमा सबैको पहुच कसरी गर्न सकिन्छ भन्ने बिषयमा छलफल कार्यक्रम भएको थियो ।

### ६. सहकार्य,समन्वय र ऐक्यबद्धता

यस संस्थाको कार्यक्रम र छविलाई प्रभावकारी र विस्तृत बनाउने उद्देश्यले राष्ट्रिय स्तरमा विभिन्न संघ संस्थाहरुसँग सम्पर्क,छलफल र आवद्धता गराई सम्बन्ध विस्तार गरिएको छ। जुन यसप्रकार रहेकोछ।

- जिल्ला सहकारी संघ
- जिल्ला बचत तथा ऋण सहकारी संघ
- राष्ट्रिय सहकारी बैंक
- नेफस्कुन
- इलाम नगरपालिका सहकारी शाखा
- आन्तरिक राजश्व कार्यायल

- प्रदेश नं १ थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ
- प्रदेश न १ बचत तथा ऋण सहकारी संघ

## ७. सरोकारवालाहरुको विश्लेषण

| सरोकारवाला | मुख्य भुमिका | संस्थाको लागि महत्व | संस्थाको लागि प्रभाव | संस्थाको निकट राख्ने रणनीति |
|---|---|---|---|---|
| नगरपालिका सहकारी शाखा | अनुगमन र नियन्त्रण | उच्च | पुरस्कार, दण्ड, सजाय गर्ने | नियमित भेटघाट, कार्यक्रममा दोहोरो, सहभागिता, नियमित रुपमा प्रगती प्रतिवेदन पेश |
| अन्य प्रारम्भीक सहकारी संस्था र विषयगत नगर समन्वय समिति | अनुगमन र नियन्त्रण | उच्च | पुरस्कार, दण्ड, सजाय गर्ने | नियमित भेटघाट, कार्यक्रममा दोहोरो, सहभागिता, नियमित रुपमा प्रगती प्रतिवेदन पेश |
| कर कार्यालय | राष्ट्रिय दायित्व पुरा गर्न, निर्देशन र नियन्त्रण हुने, कानुनी वैधानिकता प्राप्त गर्न | मध्यम | पुरस्कार, दण्ड सजाय | नियमानुसार कर भुक्तानी |
| जिल्ला बचत संघ | समन्वयकारी, अनुगमन | उच्च | पुरस्कार, क्षमता अभिबृद्धी | छलफल, भेला, भेटघाट, पत्राचार, तालिममा सहभागिता, नियमित कारोबार |
| जिल्ला सहकारी संघ | समन्वयकारी, अनुगमन | उच्च | पुरस्कार, क्षमता अभिबृद्धी | छलफल, भेला, भेटघाट, पत्रचार, तालिममा सहभागिता नियमित कारोबार |
| राष्ट्रिय सहकारी बैंक | पूँजीको सुरक्षा, क्षमता अभिवृद्धी | उच्च | पुरस्कार, क्षमता अभिवृद्धी, लाभांस वितरण, सहभागिता | छलफल, भेला, भेटघाट, पत्रचार, तालिममा सहभागिता, नियमित कारोबार |
| नेफस्कुन | अनुगमन, तालिम सहभागिता | उच्च | क्षमता अभिबृद्धी लाभांस वितरण | छलफल, भेला, भेटघाट, पत्रचार, तालिममा सहभागिता, नियमित कारोबार |
| बैंकहरु | वित्तिय कारोबार | मध्यम | तरलता व्यवस्थापन, पूँजी उपलब्धता | आपसी सहयोग परामर्श |
| अन्य वित्तिय संस्था | कार्यक्रममा सभागिता, सहकार्य | मध्यम | क्षमता अभिवृद्धी | आपसी सहयोग परामर्श |
| विमा संस्थान | ऋण जोखिम न्युनिकरण | मध्यम | वित्तिय सन्तुलन | आपसी सहयोग परामर्श |

| सरोकारवाला | मुख्य भुमिका | संस्थाको लागि महत्व | संस्थाको लागि प्रभाव | संस्थाको निकट रा रणनीति |
|---|---|---|---|---|
| नगरपालिका | परामर्श, कार्यक्रममा सहकार्य | उच्च | सामाजिक सद्भाव कायम हुन्छ | आपसी समन्वय |
| नगर सहकारी समन्वय समिति | समन्वयकारी, अनुगमन | मध्यम | पुरस्कार, क्षमता अभिबृद्धी | छलफल, भेला, भेट पत्राचार, तालिमम सहभागिता |
| राष्ट्र बैंक | कर्जा, अनुगमन | उच्च | सहुलियत दरमा कर्जाको उपलब्धता | आपसी समन्वय |
| आर.एम.डि.सि. | कर्जा | मध्यम | सहुलियत दरमा कर्जाको उपलब्धता | आपसी समन्वय |
| स्वरोजगार कोष | कर्जा | उच्च | सहुलियत दरमा कर्जाको उपलब्धता | आपसी समन्वय |
| सरकारी कार्यालयहरु | समन्वय गर्ने | उच्च | | आपसी समन्वय |

## ८. नियमित सदस्य सेवा र व्यवस्थापन

- सदस्यका सकारात्मक सुझाव एवं सल्लाहहरु संस्थाका लागि अमुल्य सम्पत्ति हुन् भन्ने सं बुझाईका साथ सुझाव एवं सल्लाह तथा गुनासोलाई प्रत्यक्षरुपमा छिटो-छरितो तवरले सम्बोधन गरी संस्थामा सुझाव पुस्तिका राख्ने र त्यहाँ व्यक्त भएका भावनालाई सञ्चालक समितिको बै प्रवेश गराई तुरुन्त सम्बोधन गर्ने गरिएको छ । यसै गरी आधुनिक प्रविधिको प्रयोग र सुगम मध्यनजर गर्दै सामाजिक संजालको माध्यमबाट पनि सुझाव सल्लाह लिने परिपाटीको विकास ग छ । साथै संस्थामा सुझाव पेटिकाको पनि व्यवस्था गरिएको छ । यसै सन्दर्भमा सुझाव पुस्तिक गुनासाहरु व्यक्त गरी हामीलाई सचेत गराउनु भएकोमा संलग्न तपाई सम्पूर्णलाई धन्यवाद दिन र निरन्तर यस्तै सहभागिताको अपेक्षा पनि गर्दछु ।

## ९. सामाजिक सुरक्षा तथा उत्तरदायित्व

- शेयर सदस्य राहात अर्न्तगत संस्थाको राहात कार्यविधी अनुसार यस आ.व.मा १ जना शेयर सद रु १,०००००। राहात प्रदान गरियो भने शेयर सदस्यको एकाघर परिवारमा २१ जना सेयर स एकाघर परिवार भएको मृत्युमा सम्भव भए सम्म सदस्यहरुको घरदैलोमा गएर समबेदना सहित रु. ३०००का दरले राहात प्रदान गरियो ।
- संस्थाका सदस्यहरुमध्ये महिला सदस्यहरुलाई बचत कार्यक्रममा सक्रिय सहभागी गराउ उहाँहरुको स्वास्थ्य स्थितीमा केहि हदसम्म भए पनि सुधार ल्याउन तथा परिवार नियोजन अवधारणालाई विकास गराउने उद्देश्यले २ बटासम्म बच्चा पाउने महिला सदस्यलाई सुत्केरी बापत चालु आ.व.मा २७ जना महिला शेयर सदस्यहरुलाई यो सुविधा उपलब्ध गराईएको गत आ.व.मा २१ जना महिला शेयर सदस्यहरुले यो सुविधा लिनु भएको थियो ।
- संस्थाले विगत वर्ष देखि नै संस्थाका सेयर सदस्यहरुलाई स्वास्थ्य बिमा गरि बार्षिक नविक गएमा उक्त नबिकरण रकम बापत लाग्ने रकमको २५ प्रतिशत वा रु.८७५। नगदै सेयर स उपलब्ध गराउँदै आएको छ । यस आ.व.मा स्वास्थ्य बिमा बापत ३२३ जना शेयर सदस्य सुविधा लिनु भएको छ भने गत आ.व.मा २०४ जनाले यो सुविधा लिनु भएको थियो ।

- शेयर सदस्यका छोरा छोरीहरुले प्रवेशिका परीक्षामा सर्वोत्कृष्ट अंक ल्याउने सामुदायिक र निजी विद्यालयमा अध्ययनरत छात्र र छात्राहरु मध्ये सर्वोत्कृष्ठ अंक ल्याई उत्तिर्ण हुने जम्मा ३ जनालाई वार्षिक साधारण सभाको अवशरमा सम्मान पत्र सहित नगद पुरस्कारद्धारा सम्मान गरियो ।
- घातक रोग वा टाउकोको इन्ज्युरीमा गत आ.ब.मा १ जना पुरुष शेयर सदस्यलाई कार्यबिधि अनुसार रु.७५००। नगद उपचारार्थ सहयोग गरियो ।

## १०. लगानी विस्तार र अवसर

- सदस्यहरुको आय बृद्धिका लागि बिभिन्न किसिमका नयाँ-नयाँ लगानीका सम्भावना एवं सिपहरुको खोजि गर्ने क्रममा राष्ट्रिय स्तरसम्म यस बर्ष सम्पर्क र समन्वय बिस्तार गरिएको छ । यस्तै गरेर कृषि क्षेत्रका सेयर सदस्यहरुलाई ध्यानमा राखि कृषिजन्य तथा पशुजन्य उत्पादित बस्तुहरुको संकलन तथा बजारिकरणमा सहयोग पुर्याउने अवधारणा अनुसार प्रदेश नं. १ थोक उपभोक्ता बिशिष्टिकृत सहकारी संघ सँग पनि संजालिकरण तथा त्यस संस्थाको संस्थापक सेयर सदस्यको हैसियतमा यस सहकारी संस्था लि.लाई समेत समावेश गरिएको छ । संस्थाले भविष्यमा यस जिल्ला भित्रका कृषिजन्य तथा पशुजन्य वस्तुहरुको संकलन केन्द्र स्थापना गरि बिशिष्टिकृत सहकारी संघ मार्फत यस क्षेत्रका बस्तुहरुको बजारीकरण,प्रवर्द्धन र मुल्य श्रृङ्खलामा जोड दिने लक्ष्य राखेकोछ ।

## ११. आन्तरिक नियन्त्रण प्रणाली

- संस्थाको मौजुदा व्यवस्थापकीय संरचनालाई बदलिंदो परिवेश अनुसार संस्थामा बचत विभाग,ऋण विभाग, वित्त तथा प्रशासन विभाग र बजार तथा प्रवर्धन विभाग गरी ४ वटा छुट्टै क्षेत्र तय गरि कार्य सम्पादन गरिने प्रयासलाई थप मजबुद बनाउँदै संस्थाका क्षेत्रगत उप-समितिहरुको सहकार्यको माध्यमबाट संस्थाको नितिगत प्रावधान अनुसार आवश्यक जनशक्तिहरुको व्यवस्था समेत गरिँदै लगिएको छ ।
- संस्थाको मौजुदा संचालक समिति,लेखा सुपरिवेक्षण समिति, बिभिन्न उप-समितिहरु र कर्मचारीहरुलाई सहकारी अभियान तथा आन्तरिक नियन्त्रणमा थप गतिशिल र सशक्त गराउने उद्देश्य अनुसार यस आ.व.मा संचालक तथा कर्मचारीहरुलाई सहकारी क्षेत्रका नियामक निकायहरुसँग समन्वय गरि आवश्यक्ता अनुसार तालिमहरुको व्यवस्था गरिएको छ ।

बचत तथा ऋण सहकारी संस्थाको

**संगठनात्मक संरचना**

**(Organizational Structure of Savings & Credit Cooperative)**



संस्था भित्र रहेका विद्यमान विनियम,निर्देशिका,निति,कार्यविधिहरु :

क) संस्थाको पुनर्लिखित विनिय २०७७

ख) निर्वाचन निति २०७६

(ग) सम्पत्ति शुद्धिकरण निवारण कानुन पालना कार्यविधि २०७७

घ) सदस्य र सदस्यको एकाघरका परिवारहरुलाइ सहयोग,पुरस्कार,सम्मान तथा राहात कार्यविधि

ङ) पञ्चवर्षिय रणनितिक तथा व्यवसायिक योजना(आ.व.०८०।०८१ देखि ०८४।०८५ सम्म)

च) आर्थिक प्रशासन तथा मानव संशाधन निति २०७६

छ) उद्यमशिलता विकास कार्यक्रम संचालन निर्देशिका २०७०

ज) बैठक तथा सभा सञ्चालन सम्बन्धि आन्तरिक कार्याविधि २०८०

झ) बचत व्यवस्थापन तथा ऋण परिचालन निर्देशिका २०८१

१२. विप्रेषण सेवा ( मनी ट्रान्सफर )

रोजगारीको सिलसिलामा देशबाहिर जाने सदस्यले पठाउने भएको रकमलाई संस्था मार्फ दैलोमा प्राप्त गर्ने व्यवस्था मिलाउन Money Transfer का बिभिन्न निकायहरुसँग आवश्यव सेवालाई थप बिस्तार गरि देश भित्र रकम पठाउने तथा पाउने व्यवस्थालाई व्यापक र व्यवसि प्रभाव क्षेत्र बढाइ सेवा प्रदान गर्दै आएकोमा हाल आएर नेपाल राष्ट्र बैंकको निती अनुस शिथिलता र प्राय सबै बैंकहरुको मोबाईल बैङ्किङ सुविधाले गर्दा हालका दिनमा रेमिट्यान्सक व्यक्तिहरुको संख्या दिनानु दिन घट्दै गएको हुदा चालु आ.व. देखि धरौटी बापत राखिएको र सिमित धरौटी र सिमित कारोबार मात्र संचालनमा रहेको छ।

१३. पुजी बृद्धि

सहकारी संस्थाको मेरुदण्ड भनेको त्यस संस्थाको पुंजी संरचना हो। सानो रकमबाट स सुरु गरिएको हाम्रो संस्थाको बिगतको इतिहास रहेको छ। तर कारोबार सञ्चालनमा हुँदै गए कोष बृद्धिमा पनि अहम् भुमिका राख्दछ। यसै परिप्रेक्ष्यलाई मध्यनजर गर्दै गत वर्ष सेयर पुं प्रस्तावित गरिएको लक्ष्य यस साधारण सभासम्म आइपुग्दा करिब पूरा भएको छ। यद्यपि र अवलम्बन गर्दै आएको पर्ल्स (PEARLS) को न्यूनतम मापदण्ड अनुसार संस्थाको कुल पुंजी अनुसार सेयर पुंजी बृद्धिको अनुपात पनि मिलेर अगाडि जानुपर्नेमा हामी धेरै सेयर सदस्यहरुक हुने पर्ने नितीगत व्यवस्था अनुसार बचतको दश अंश सेयर नहुने सेयर सदस्यहरुलाई यस मार्फत नीतिगत व्यवस्था अनुसार अगाडि बढि संस्थाको मेरुदण्डको रुपमा रहेको चुक्ता से सहयोग पुर्याउन हुन सम्पुर्ण शेयर सदस्यहरुमा अनुरोध गर्दछौं।

१४. उपभोग्य बिल भुक्तानी सेवा

सदस्यको आधुनिक प्रविधियुक्त सेवालाई सर्बसुलभ तरिकाले संस्था भित्रै सेवा दिन जमर्को बमोजिम टेलिफोन बिल भुक्तानी,बिद्युत बिल भुक्तानी,पानी महसुल भुक्तानि आदि उपभोग्य महसुलहरु संस्था मार्फत भुक्तानी गराउने व्यवस्थालाई थप मजबुत बनाउनका ल निकायसँग समन्वय र सहकार्य गरि सुविधाहरु थप गर्दै लगिनेछ।

१५. सदस्य सन्तुष्टी सर्वेक्षण

संस्थाले सञ्चालनमा ल्याएका सेवाहरुको गुणस्तर,सदस्य सन्तुष्टि एवं प्रभावकारि दिनमा संस्थाले सञ्चालनमा ल्याउने कार्यक्रम तथा सेवाहरुलाई पूर्ण रुपमा सदस्यले स्वामित्व

भन्ने उद्देश्यले गत आ.व.मा संस्थामा आवद्ध भएका कुल सदस्य संख्याको करिव ५% सदस्यहरुमा रेन्डम सर्वेक्षण गरिएको थियो । सर्वेक्षणको क्रममा सदस्यहरुबाट प्राप्त भएका सुझावलाई नीतिगत तह र व्यवस्थापन तहसँग समन्वय गरी सम्बोधन गरिएको छ साथै उक्त सर्वेक्षणले संस्थाको यो नीति तथा कार्यक्रम बनाउन महत्वपूर्ण भुमिका निर्वाह गरेको छ ।

## १६. जनशक्ति/प्रविधि विकास र व्यवस्थापन

वित्तिय बजार त्यसमा पनि सहकारी क्षेत्रमा अहिलेको समयमा पनि दक्ष जनशक्तिको अभाव कायमै छ । नयाँ बैंक लगायतका विना संस्थानहरु र लघुवित्त क्षेत्रका संस्थाहरुको शाखाहरु हाम्रो जस्तो सानो क्षेत्रमा सेवा प्रदान गराउने सहकारीहरुको क्षेत्रमा समेत पुगिसकेकोले वित्तिय बजारमा जनशक्तिको माग अधिक रहेको छ । जसका कारणले दक्ष जनशक्तिको अभाव विद्यमान रहेको हो । जनशक्तिको उचित र भरपर्दो व्यवस्थापन बिना अपेक्षित उपलब्धि हासिल गर्न नसकिने प्रष्टैछ । त्यसैले हामीले आवश्यक जनशक्ति आफै तयार गरी दक्ष बनाउँदै जाने नीति लिई प्रशिक्षार्थी कर्मचारीहरु परिचालन,आवश्यक्ता अनुसार नयाँ कर्मचारीहरु नियुक्ती गर्ने र उनीहरुको क्षमता अभिवृद्धि गर्न तालिम,गोष्ठि तथा सेमिनारमा सहभागी गराउँदै आएका छौं । हाल व्यवस्थापन तहमा ७ जनाको पूर्णकालीन जनशक्ति कार्यरत छन् ।

**१६.१ कर्मचारी परिचालन** : संस्थामा आ.व. ०८०।०८१ को मसमन्त सम्ममा रहेको ६ जना स्थायी र २ जना अस्थाई प्रकृतिका भिन्ना भिन्नै पदमा कर्मचारीहरु रहेको सर्वविदितै छ । संस्थाले कर्मचारीहरुलाई व्यवस्थापकिय संरचनाका लगि बचत व्यवस्थापन विभाग,ऋण लगानि तथा असुलि विभाग र बजार व्यवस्थापन विभाग गरी जिम्मेवारी बाँडफाँड मार्फत परिचालन तथा व्यवस्थापन गरेको छ ।संस्थाका स्थायी प्रकृतिका कर्मचारीहरुलाई श्रम ऐन अनुसार नियुक्ति पत्र सहित सबै कर्मचारीहरुको काम कर्तव्य र अधिकार समेत निर्दिष्ट गरेकोछ । बिरामी बिदा,घर बिदा,सत्केरी बिदा,आकस्मीक बिदाहरुलाई परिस्थीति अनुसार कर्मचारीहरुले संस्थाको आर्थिक तथा मानव संशाधन निती अनुरुप उपभोग गर्दछन् ।यस्तै गरेर कर्मचारीहरुको बिदाहरु संचीत भएमा संचित बिदाहरुलाई आर्थिक प्रशासन तथा मानव संशाधन निति २०७६ मा व्यवस्था भए अनुसार सेवाबाट निवृत्तभएको समयमा उक्त समयको तलवमानले गणना गरि भुक्तानी दिने व्यवस्था समेत संस्थाले गरेको छ । कर्मचारीहरुको नियमानुसारको संचयकोषको रकम प्रोभिडेन्ट फण्ड नामक कर्मचारीहरुको खातामा नेपाल एसबिआई बैंकमा जम्मा गरिने प्रावधान रहेकोमा चालु आ.व.०८१ श्रावण महिनादेखि नेपाल सरकार अन्तर्गत सामाजिक सुरक्षा कोषले समेत पत्राचार गरे अनुरुप संस्था तथा स्थायी कर्मचारीहरु समेतलाई आवद्ध गराई संचयकोषको रकम जम्मा गर्ने व्यवस्थाको सुरुवात संस्थाले गरिसकेको छ । कर्मचारीहरलाई जव डिस्क्रप्सन अनुसार हरेक महिनाको लक्ष्य,प्रगति तथा आइपरेका समस्याहरुको विश्लेषण सहितको संक्षिप्त प्रतिबेदन अनुसार कार्य सम्पादन गराउने गरिएको साथै कुनै पनि कर्मचारीले लक्ष्य अनुरुप कार्य सम्पादन गर्न नसकेमा प्रष्टिकरण लिने,ग्रेड रोक्का गर्ने परिपाटिलाई पनि अवलम्बन गरिएको छ ।संस्थाको पन्च वर्षिय योजना अनुरुप हरेका कर्मचारीहरुले हरेक महिनाको आआफ्नो विभाग अनुसार कार्य जिम्मेवारी अनुसार व्यवस्थापकलाई प्रतिवेदन पेश गर्ने नियम रहेको र हरेक महिनाको मसान्त सम्मना व्यवस्थापकको संयोजनमा कर्मचारीहरुको मासिक बैठक बस्ने व्यवस्था रहेको छ । यसै गरि संस्थाको नियमानुसार हरेक महिनाको पहिलो शुक्रवार संचालक समितिहरुको बैठक वस्ने गरेको,लेखा सुपरिवेक्षण समितिले पनि हरेक ३ महिनाभत्रमा बैठक बसि निर्णयहरु गर्ने गरेको साथै संचालक समितिको बैठकमा व्यवस्थापकद्वारा संस्थाको कर्मचारीहरुसँगै सबै विभागको र उक्त महिनाको प्रगतिप्रतिबेदन र चुनौतिहरु समेत समेटेर प्रतिवेदन पेश गर्ने परिपाटीको व्यवस्था समेत रहेको जनाउ यस सम्मानित सभालाई गर्दछु ।

१७. बिभिन्न बिधामा हाल सम्म सम्मानित हुने शेयर तथा बाल बचत सदस्यहरु

| क्र.सं. | नाम थर | क्र.सं. | नाम थर | क्र.सं. | नाम थर |
|---|---|---|---|---|---|
| १ | विजय राई | २ | मन्जु चापागाँई | ३ | कृष्ण शिवा |
| ४ | स्व.सुवास शाह मोदी | ५ | कृष्ण प्र. घिमिरे | ६ | कृष्ण प्र. श्रेष्ठ |
| ७ | सुनगाभा विकास संस्था | ८ | लिलामाया थापा | ९ | कौशिला राई |
| १० | रुपिणा राई | ११ | प्रेमबहादुर सुवेदी | १२ | सुरेन सुवेदी |
| १३ | सिता भण्डारी आचार्य | १४ | एस.बि. लिम्बु | १५ | हरि बहादुर कटुवाल |
| १६ | पविमाया गुरुङ्ग | १७ | चुडामणी सापकोटा | १८ | महालक्ष्मी राजलवट |
| १९ | टेकबहादुर श्रेष्ठ मान्दाई | २० | सोमनाथ अधिकारी | २१ | देवी कार्की |
| २२ | युसामा देवान | २३ | महेन्द्रकुमारी कटुवाल | २४ | देवीकुमारी लिम्बु राई |
| २५ | सुमन दाश | २६ | जोलिस राजलवट | २७ | हरिबहादुर दहाल |
| २८ | खगेन्द्र सुवेदी | २९ | मालती थापा | ३० | आयुश्री बस्नेत |
| ३१ | युडेन मगर | ३२ | कमला श्रेष्ठ कोईराला | ३३ | पासाङ्गडोमा शेर्पा |
| ३४ | शान्तामाया लिम्बु | ३५ | गम्बीर हेल्मु | ३६ | जेनिल ताम्रकार |
| ३७ | अम्बिका कार्की | ३८ | विकास श्रेष्ठ | ३९ | दियान भट्टराई |
| ४० | आयुसी कार्की | ४१ | तारा बुढाथोकी | ४२ | पार्वती श्रेष्ठ |
| ४३ | उमेश राई | ४४ | सजिन दहाल | ४५ | सितामाया तिवारी |
| ४६ | दिक्षीत तिरुवा | ४७ | मनोज ताम्रकार | ४८ | दिलबहादुर तामाङ्ग |
| ४९ | सानुमाया लामा | ५० | संयोग गुरुङ्ग | ५१ | नियान्स दुलाल |
| ५२ | निमा तामाङ्ग | | | | |

१८. एस.ई.ई. छात्रबृत्ति कार्यक्रम अन्तर्गत हाल सम्म छात्रबृत्ति प्राप्त गर्ने छात्र छात्राहरु

| क्र.सं. | नाम थर | क्र.सं. | नाम थर | क्र.सं. | नाम थर |
|---|---|---|---|---|---|
| १ | युरिका सुवेदी | २ | बिबेक कोईराला | ३ | सर्वसा काफ्ले |
| ४ | विन्दु भण्डारी | ५ | तान्छोक थाम्सुहाङ्ग | ६ | सिसम सिं |
| ७ | संकल्प कोईराला | ८ | निरोज भण्डारी | ९ | दिया थापा |
| १० | प्रसान्त चापागाँई | ११ | रुजा वि.क. | १२ | प्रशान अधिकारी |
| १३ | हिमाल गुरागाँई | १४ | प्रेना शाही | १५ | मेरीना श्रेष्ठ |
| १६ | आयुस पौड्याल | १७ | गहन्ता पौड्याल | १८ | रेयस रंजितकार |
| १९ | मौसम थापा | २० | रिया रंजितकार | २१ | संविधान भट्टराई |
| २२ | सुभश्री कोईराला | २३ | योगेश कार्की | २४ | डीकीलमु तामाङ्ग |
| २५ | प्रभात निरौंला | | | | |

## १९. सदस्य राहात बितरण कार्यक्रम अन्तर्गत हाल सम्म राहात प्राप्त गर्ने मृतक सदस्यहरु

| क्र.सं. | नाम थर | क्र.सं. | नाम थर |
|---|---|---|---|
| १ | निजना मल्ल कट्टेल | २ | पुर्ण बहादुर तिखत्री |
| ३ | छबिलाल बि.क. | ४ | सुवास शाह मोदी |
| ५ | अजितकुमार बुढाथोकी | ६ | गोपाल श्रेष्ट |
| ७ | बिजय खाकी | ८ | अन्जिता श्रेष्ठ |
| ९ | राधिका परियार | १० | अनिता थोकर |
| ११ | छुइछुइ श्रेष्ठ | १२ | बुद्ध राई |
| १३ | दिपककुमार खड्का | | |

## संस्थामा बिद्यमान चुनौतिहरु

| साझा चुनौतिहरू | संस्थाका चुनौतिहरू |
|---|---|
| १. मौद्रिक नीति परिवर्तन भइरहनु ।<br>२. आर्थिक उत्तार चढाव तथा बैंकहरुको नियमित ब्याजदर परिवर्तनका कारण तरलता न्यून वा अधिक हुने अवस्था सिर्जना हुनु ।<br>३. स्थानीय तह र सहकारी संस्थाबीच उपयुक्त समन्वय हुन नसक्नु ।<br>४. एउटै सदस्य समान प्रकृतिका अन्य सहकारीमा समेत सदस्य रहनु ।<br>५. सहकारी ऐन र आयकर ऐनमा एकरुपता नहुनु ।<br>६. अन्य प्रचलित ऐन नियमले सहकारीलाई नचिन्नु । | १. भाखा नाघेको ऋण शुन्य हुन नसक्नु ।<br>२. संस्थागत पूंजी कम हुनु ।<br>३. बचतका उत्पादनहरू समान हिसाबमा परिचालित हुन नसक्नु ।<br>४. केहि सञ्चालक सदस्यहरू र उपसमिति सदस्यहरूले संस्थालाई पर्याप्त समय दिन नसक्नु ।<br>५. केही ऋणी शेयर सदस्यहरुले आफुले लगेको ऋण रकमको नियमित बुझाउनु पर्नेमा ब्याज र किस्ता समयमा नबुझाउनु ।<br>६. केही अभियानकर्ताहरुले सहकारीताको क्षेत्रमा गलत प्रचार गरी ऋणी शेयर सदस्यहरु माथी भ्रम सृजना गर्नु |

आदरणीय शेयर सदस्य महानुभावहरु,

सहकारीको मुल्य मान्यता र सिद्धान्त तथा बिनियम र कार्यबिधिहरुलाई मध्यनजर गर्दै पञ्च बर्षिय रणनितीक तथा व्यवसायीक योजना अनुसार आगामी बर्षको ०८१।०८२ को बार्षिक कार्य योजना निम्न अनुसार प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आ.व. २०८१/०८२ को बार्षिक कार्ययोजना

| सि.नं | कार्यक्रम | कहिले गर्ने | परिमाण | स्थान | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | सदस्यता बृद्धि | वर्ष भरि निरन्तर | ५०० जना | संस्थाको कार्यालय र कार्य क्षेत्र भित्र | संचालक समिति र कर्मचारीहरु, सेयर सदस्यहरु |
| २ | घरदैलो कार्यक्रम | आवश्यकता अनुसार | आवश्यकता अनुसार | सम्वन्धीत ऋणी सदस्यको घरमा | संचालक समिति, उप-समिति र कर्मचारीहरु |
| ३ | संचालक समिति बैठक | नियमित मासिक | कम्तिमा १२ पटक | संस्थाको कार्यालय | संचालक समिती र व्यवस्थापक |
| ४ | धितो मुल्याङ्कन तथा ऋण समितीको बैठक | ऋण माग र आवश्यकता अनुसार | ऋण माग भए अनुसार | संस्थाको कार्यक्षेत्र भित्रका ऋण माग गर्ने सदस्यको वसोबासको क्षेत्र | उप समितिका सदस्यहरु,लेखा तथा ऋण विभाग र वाहिय मुल्याङ्कनकर्ता |
| ५ | लेखा सुपरिवेक्षण समितिको बैठक | त्रैमासिक | ४ पटक | संस्थाको कार्यालय | लेखा सुपरिवेक्षण समिति, व्यवस्थापक, लेखा तथा ऋण विभाग |
| ६ | सेयर सदस्यहरुको भेला छलफल तथा आय आर्जन र सदस्य सहकारी शिक्षा तालिम | उपर्युक्त समय र आवश्यकता अनुसार | कम्तिमा ६ पटक | संस्थाको कार्यालय वा उपर्युक्त स्थानमा | संचालक समिति र कर्मचारीहरु,सेयर सदस्यहरु |
| ७ | व्याज वितरण | अर्ध वार्षिक / वार्षिक | २ र १ | संस्थाको कार्यालय | कर्मचारीहरु |
| ८ | अन्तिम आन्तरीक लेखा परीक्षण | श्रावण मसान्त सम्ममा | १ पटक | संस्थाको कार्यालय | लेखा सुपरिवेक्षण समिति व्यवस्थापक |
| ९ | अन्तिम लेखा परीक्षण | भाद्र महिना भित्र | १ पटक | संस्थाको कार्यालय | व्यवस्थापन ,लेखा सुपरिवेक्षण समिति र दर्तावाला लेखा परीक्षक |
| १० | वार्षिक साधारण सभा | असोज मसान्त भित्र | १ पटक | सभा हल | संचालक समिति,विभिन्न उप समितिहरु, कर्मचारीहरु र शेयर सदस्यहरु |
| ११ | सम्मान तथा पुरस्कार वितरण | वार्षिक साधारण सभाको अवसरमा | १ पटक | सभा हल | संचालक समिति,विभिन्न उपसमितीहरु र कर्मचारीहरु |
| १२ | राहात तथा सामाजिक सेवाका कार्यहरु | आवश्यक समयमा | आवश्यक्ता अनुसार | सम्भव भए सम्म सदस्यको घर परीवारमा गएर | संचालक समिती,उपसमितिहरु कर्मचारी,शेयर सदस्यहरु |

| सि.नं | कार्यक्रम | कहिले गर्ने | परिमाण | स्थान | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १३ | सेयर सदस्यहरुका लागि स्वास्थ्य शिविर तथा टोल गत प्रतिनिधित्व हुने गरी प्राथमिक उपचार केन्द्र को प्रशिक्षण तालिम कार्यक्रम | उपर्युक्त समयमा | १ वटा शिविर , २ वटा FIRST AID TOT | इ.न.पा. क्षेत्रको उपर्युक्त स्थानमा, | संचालक समिति,विभिन्न उप समिति ,कर्मचारीहरु र शेयर सदस्यहरु |
| १४ | वार्षिक प्रगति समिक्षा र सदस्य जोखिम विश्लेषण | आवश्यकता अनुसार | आवश्यक्ता अनुसार | संस्थाको कार्यालय | व्यवस्थापक,संचालक समिति,उप-समितिहरु,कर्मचारीहरु र शेयर सदस्यहरु |
| १५ | सहकारी क्षेत्रका तालिम तथा गोष्ठिमा सहभागिता | आवश्यक्ता अनुसार | आलो पालो र आवश्यक्ता का आधारमा सहभागी हुने | जिल्ला भित्र,राष्ट्रिय स्तर र अन्तराष्ट्रिय स्तरमा तोकिए अनुसारको स्थान | संचालक समिती,उप-समिति,लेखा सुपरिवेक्षण समिति , कर्मचारीहरु र शेयर सदस्यहरु |
| १६ | स्वास्थ्य बिमा उत्प्रेरणा कार्यक्रम | बर्ष भरि | बर्ष भरि | संस्थाको कार्यालय | संचालक समिती, उपसमिति, कर्मचारीहरु |
| १७ | बाल बचत स्कुल जागरण कार्यक्रम | उपर्युक्त समयमा | कार्यक्षेत्र भित्रका विभिन्न स्कुलहरुमा | संस्थाको कार्यक्षेत्र भित्रका निजी तथा सामुदायिक विद्यालयहरुमा | संचालक समिती, शिक्षा उपसमिति र कर्मचारीहरु |
| १८ | राष्ट्रिय सहकारी दिवस कार्यक्रम | चैत्र २० | १ पटक | तोकिएको सभाहल | संचालक समिती,लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिहरु, कर्मचारीहरु र विषय गत संघहरु |
| १९ | वार्षिक स्थापना दिवस कार्यक्रम | पौष १८ | १ पटक | संस्थाको कार्यक्षेत्र भित्र संस्थागत छलफल गरि उपर्युक्त कार्य गर्ने | संचालक समिति,विभिन्न समिती तथा उपसमितिहरु र कर्मचारीहरु |
| २० | ऋण विमा | निरन्तर | ऋण लगानीका आधारमा | विमा कम्पनी संग समन्वय र सम्झौता गरी संस्थाको कार्यालय | संचालक समिति व्यवस्थापक,लेखा तथा ऋण अधिकृत |
| २१ | सेवाकेन्द्र स्थापना तथा व्यवस्थापन | आवश्यकता अनुसार | आवश्यकता अनुसार | संस्थाको कार्यक्षेत्र भित्र | संचालक समिति,कर्मचारीहरु |
| २२ | सफल उद्यमी | आवश्यकता | १ पटक | संस्थाको कार्यक्षेत्र | संचालक समिति,उपसमितिहरु र |

| सि.नं | कार्यक्रम | कहिले गर्ने | परिमाण | स्थान | जिम्मेवारी |
|---|---|---|---|---|---|
| | शेयर सदस्यहरुको वृत्तचित्र निर्माण गर्ने | अनुसार | | भित्रका कम्तीमा ६ जना सफल व्यवसायी तथा उद्यमीहरु | कर्मचारीहरु |
| २३ | शेयर सदस्यहरु संग सुनगाभा साकोस कार्यक्रम | आवश्यकता अनुसार | कम्तीमा ३ पटक | संस्थाको कार्यक्षेत्र भित्रका उपर्युक्त स्थानहरुमा | संचालक समिति,विभिन्न उ समितिहरु,शेयर सदस्यहरु र कर्मचारीहरु |

आदरणीय सभाध्यक्ष ज्यु,उपस्थित मान्यजन तथा शेयर सदस्य महानुभावहरु

हाम्रो निमन्त्रणालाई स्वीकार गरि यस सभामा उपस्थित भई सभाको गरिमा बढाई दिनु भएकोमा धन्य दिदै बिदा हुन चाहन्छु ।

जय सहकारी

संचालक समितिको तर्फबाट

जिवन कोईराला

सचिव

## आर्थिक बर्ष २०८०/०८१ को संक्षित आर्थिक बिवरण तथा
## आर्थिक बर्ष २०८१/०८२ का लागि प्रस्तावित वितिय लक्ष्य तथा बजेट

यस संस्थाको २२ औं वार्षिक साधारण सभा तथा नवौं अधिवेशनका अध्यक्ष महोदय, सञ्चालक समिति,लेखा सुपरिवेक्षण समिति, सल्लाहकार समिति ज्यू,अन्य उप-समितिका सहकर्मी साथीहरु, सेयर सदस्यज्यूहरु, पत्रकार मित्रहरु,कर्मचारी साथीहरु, अग्रज व्यक्तित्वज्यूहरु र शुभ-चिन्तक महानुभावहरु सुनगाभा वचत तथा ऋण सहकारी संस्था लि.को कोषाध्यक्षको हैसियतले म आ.व.०८०।०८१ को यर्थाथ आय तथा व्यय आर्थिक बिवरण तथा आर्थिक बर्ष २०८१/०८२ को लागि प्रस्तावित वित्तिय लक्ष्य तथा बजेट पेस गर्ने अनुमती चाहन्छु ।

### गत आ.व.को बितिय लक्ष्य तथा प्रगती

यस संस्थाको वासलात गत बर्ष रु. १२,१५,६९,१०७११ रहेकोमा यस बर्ष बृद्धि भई १५,२३,०५,४२२६२ पुगेको छ। यस संस्थाको शेयर पुँजी गत बर्ष रु.१,९७,०३,९००। रहेकोमा यस बर्ष बृद्धि भई रु.२,२०,०४,६००। शेयर पुगेको छ । त्यसै गरी बचत गत बर्ष रु. ८,६२,९७,३१९८ रहेकोमा यस बर्ष बृद्धि भई बचत रु.११,९७,१७,३६९। पुगेको छ । त्यसै गरी ऋण लगानी गत बर्ष रु. ८,७२,३३,२८८। रहेकोमा यस बर्ष बृद्धि भई कुल लगानीमा रहेको ऋण रकम रु. १०,३६,२७,९६८। पुगेको छ ।

### समग्रमा आ.व. ०८०।०८१ को बितिय लक्ष्य तथा उपलब्धीहरुलाई निम्नानुसार प्रस्तुत गर्न चाहन्छु

| क.सं | विवरण | लक्ष्य | उपलब्धी | लक्ष्यमा बृद्धि कम |
|---|---|---|---|---|
| १ | शेयर थप | ३२,००००० / | ३६८८९०० / | ४,८८,९०० / |
| ३ | बचत संकलन | १५,५०,००००० / | १९३००३९१६ / ८२ | ३,८०,०३,९१६ / ८२ |
| ४ | बचत फिर्ता | १४,४०,००००० / | १५९६८३८६७ / | १,५६,८३,८६७ / |
| ५ | ऋण लगानी | ७,५०,००००० / | ९५३८२०२६ / | २,०३,८२,०२६ / |
| ६ | ऋण असुली | ६,०००००००/ | ७९०८७६४६ / | १,९०,८७,६४६ / |
| ७ | आम्दानी | १,७९,१८,८९४ / ३ | १,५५,२१,६३३ / ०२ | २३,९७,२६१ / २८ |
| ८ | खर्च | १,५९,०३,७४२ / ५ | १,४६,७४,२०५ / १३ | १२,२९,५३७ / ३७ |
| ९ | बचत नाफा | २०,१५,१५२ / | ८,४७,४२७ / ८९ | ११,६७,७२४ / ११ |

शेयर सदस्यज्युहरु,

अब म आर्थिक बर्ष २०८०/०८१ को प्रस्तावित र यथार्थ आय तथा व्यय हिसाब विवरणका साथै चालु आ.ब. ०८१/०८२ को प्रस्तावित आय-व्यय प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. आ.ब. ०८०।०८१ को प्रस्तावित, यथार्थ र आ.ब.०८१।०८२ को लागि विनियोजित प्रस्तावित आय तथा व्यय विवरण

| १ ब्याज आम्दानी | गत आ.ब.को प्रस्तावित | यस वर्षको यथार्थ | आगामि वर्षको प्रस्तावित |
|---|---|---|---|
| क. बैंक ब्याज र लाभांश | २२,५०,०००। | १५,८१,८४८/३३ | १७,५०,०००। |
| ख. ऋण लगानीको ब्याज | १,३८,०००००। | १,३२,२३,०७४ | १,८०,०००००। |
| जम्मा ब्याज आम्दानी रु. | १,६०,५०,०००। | १,४८,०४,९२२/३३ | १,९७,५०,०००। |
| २ अन्य आम्दानी | | | |
| क. रेमिट्यान्सको कमिशन | ४५,०००। | ४४,०२७/३२ | ६५,०००। |
| ख. विविध आम्दानी | ४,५०,०००। | ५,०२,०१८ | ५,०००००। |
| ग. करबाट आय | ८,८६,३९४।३ | १,५१,७९४/१२ | २,०००००। |
| घ. नेफस्कूनबाट प्राप्त ब्याज | ४,३०,०००। | ० | २,०००००। |
| लगानीबाट प्राप्त ब्याज | १७,५००। | १८,८७१/२५ | २५,०००। |
| जम्मा अन्य आम्दानी रु. | १८,६८,८,९४।३ | ७,१६,७१०/६९ | ९,९०,०००। |
| १.कूल आम्दानी रु.(१+२) | १,७९,१८,८९४।३ | १,५५,२१,६३३/०२ | २,०७,४०,०००। |

२.कार्यालय संचालन तथा प्रशासनिक खर्च:

| विवरण | गत आ.ब.को प्रस्तावित | यस वर्षको यथार्थ | आगामि वर्षको प्रस्तावित |
|---|---|---|---|
| कर्मचारी तलब खाजा खर्च तथा हितकोष | २४,५०,०५०। | २४,१८,४०० | २६,५०,०००। |
| मसलन्द तथा स्टेशनरी खर्च | १,१०,०००। | ५६,३२८ | ९०,०००। |
| घर भाडा कर सहित | २,३७,६००। | २,१७,८०० | २,६१,३६०। |
| टेलीफोन, इन्टरनेट | १५,०००। | १२,४१० | १५,०००। |
| विद्युत/खानेपानी महशुल | २५,०००। | १७,०९१ | २०,०००। |
| कार्यालय व्यवस्थापन तथा आ.ले.प. खर्च | १०,०००। | ८,००० | १०,०००। |
| विविध (चिया नास्ता, मैपरि, अतिथि सत्कार, इन्धन, सरसफाई, परामर्श, लगायतका खर्चहरु ) | २,१०,०००। | १,४२,२२९ | १,७५,०००। |
| कर्मचारी पोशाक, छाता जुत्ता आदि | ६०,०००। | ५१,०७५ | ६५,०००। |
| लेखापरीक्षण शुल्क (कर सहित) | ३५,०००। | ३५,००० | ५०,०००। |
| कूल प्रशासनिक तथा संचालन खर्च | ३१,५२,६५०। | २९,५८,३३३/ | ३३,३६,३६०। |

३.वित्तिय तथा प्रर्वद्धनात्मक खर्च:

| विवरण | गत आ.व.को प्रस्तावित | यस वर्षको यथार्थ | आगामि वर्षको प्रस्तावित |
|---|---|---|---|
| ब्याज छुट खर्च | ३१०,००० | २,०९,००३ | ३,२०,०००/ |
| धितो मुल्याङ्कन, ऋण स्वीकृत तथा अनुगमन खर्च | ६५,००० | ४०,८०० | ५०,०००/ |
| बचत तथा ऋणको ब्याज भुक्तानी | १३५०,००० | १०११,५४९. ११ | १,००,०००००/ |
| सञ्चालक समिति बैठक खर्च | ६०,०००/ | ४७,०००/ | ७०,०००/ |
| विभिन्न कर चालु आ.व.आयकर समेत | २,५०,००० | २,१५,५७३/ | ३,५०,०००/ |
| कर्मचारी, [illegible] काउन्टर तथा [illegible] खर्च | ३५,०००/ | २४,२०३/ | ३५,०००/ |
| [illegible] कर्मचारी खाजा खर्च | २०,०००/ | ० | २५,०००/ |
| साधारण सभा खर्च | १४,००,०००/ | १२,५३,६००/ | १८,०००००/ |
| मर्मत संभार | ५५,०००/ | १३,२००/ | २०,०००/ |
| वित्तीय तथा प्रवर्धन खर्च जम्मा रु. | १,१९,२५,०००/ | १०,८१,४,९२८/११ | १,२६,७०,०००/ |

४.कार्यक्रमगत खर्च हिसाव विवरण

| विवरण | गत आ.व.को प्रस्तावित | यस वर्षको यथार्थ | आगामि वर्षको प्रस्तावित |
|---|---|---|---|
| सफल उद्यमी शेयर सदस्यहरुको वृत्तचित्र निर्माण | ० | ० | ३०,०००। |
| **सेयर सदस्यहरुका लागि स्वास्थ्य शिविर तथा टोल गत प्रतिनिधित्व हुने गरी प्राथमिक उपचार केन्द्रको प्रशिक्षक प्रशिक्षण तालिम कार्यक्रम )** | २,५०,०००। | २,५०,०००। | ३,५०,०००। |
| शेयर सदस्यहरुसंग सुनगाभा साकोस कार्यक्रम | ० | ० | ५०,०००। |
| सञ्चालक पदाधिकारीहरु,विभिन्न उप समितिहरु वृत्ति विकास तालिम | ९७,२९४। | ७७,७०६। | १,००,०००। |
| कर्मचारी उत्प्रेरणा तथा वृद्धि विकास तालिम | ७७,७०६। | १,७७,९२६। | १,६०,००० |
| छपाई खर्च | ५५,०००। | ३३,५००। | ३०,०००। |
| नेफस्कून ब्याज कर | २५,००० | ० | ० |
| सामान ढुवानी | १०,०००। | ० | १०,०००। |

| विवरण | गत आ.व.को प्रस्तावित | यस बर्षको यथार्थ | आगामि बर्षको प्रस्तावित |
|---|---|---|---|
| एस.एम.एस.खर्च | ४५,०००। | १,४४,१६०। | ५,००,०००। |
| कार्यालय सरसफाई खर्च | ५५,०००। | ४१,४५८। | ६०,०००। |
| *ह्रास खर्च* | २,११,०९२/५ | १,७६,१९,४।०२ | १,३६,२३९/८९ |
| कार्यक्रम गत खर्च जम्मा रु. | ८,२६,०९२।५ | ९,००,९४४।०२ | १४,२६,२३९।८९ |
| कूल खर्च रकम रु.(२+३+४) | १,५९,०३,७४२।५ | १,४६,७४,२०५।१३ | १,७४,३२,५९९।८९ |

५.आय व्यय हिसाव विवरण

| विवरण | गत आ.व.को प्रस्तावित | यस बर्षको यथार्थ | आगामि बर्षको प्रस्तावित |
|---|---|---|---|
| कूल आम्दानी रकम रु.(१ आट। | १,७९,१८,८९४।३ | १,५५,७१,६३३।०२ | २,०७,४०,०००। |
| कूल खर्च रकम रु.(-) (२+३+४) | १,५९,०३,७४२।५ | १,४६,७४,२०५/१३ | १,७४,३२,५९९।८९ |
| जम्मा खर्च पछिको नाफा | २०,१५,१५३। | ८,४७,४२७/८९ | ३३,०७,४००।११ |
| बाकी उबार/नाफा ( संस्थाको विनियम अनूसारका कर र कोषहरुमा व्यवस्था ) | २०,१५,१५३। | ८,४७,४२७/८९ | ३३,०७,४००।११ |

६.वित्तिय संस्थाको अवस्थालाई मापन गर्न अन्तराष्ट्रिय पल्सको सिद्धान्त अनुसार हेरिन्छ उक्त सिद्धान्त अनुसार यस संस्थाको वर्तमान आर्थिक अवस्थालाई निम्नानुसार विश्लेषण गरिएको छ ।

## पर्ल्सका केहि क्षेत्रहरु, अनुपात र लक्ष्यहरुको आधारमा तुलना गरेर हेर्दा
## आ.व.०८०।०८१

| आ.व. | क्षेत्र | सुचक | हुनु पर्ने लक्ष्य | पर्ल्स अनुपात गर्दा | भएको लक्ष्य |
|---|---|---|---|---|---|
| ०८०/०८१ | P1 | ऋण सुरक्षण कोष | १००% | १८९/४४ | लक्ष्य अनुरुप |
| ०८०/०८१ | p2 | १ वर्षभन्दा कम भाखा नाघेको ऋणको व्यवस्था | ३५% | २१५/७३ | लक्ष्य अनुरुप |
| ०८०/०८१ | E1 | शुद्ध लगानीमा रहेको ऋण | ७०-८०% | ६८/०३ | लक्ष्य अनुरुप |
| ०८०/०८१ | E5 | कुल सम्पत्ति अनुसार निक्षेप | ७०-८०% | ७८/६० | लक्ष्य अनुरुप |
| ०८०/०८१ | E6 | संस्थाले लिएको बाह्य ऋण | बढीमा ५% | ० | लक्ष्य अनुरुप |

| आ.ब. | क्षेत्र | सुचक | हुनु पर्ने लक्ष्य | पर्ल्स अनुपात गर्दा | भएको लक्ष्य |
|---|---|---|---|---|---|
| ०८०/०८१ | E7 | कुल सम्पत्तिमा शेयर पुंजी | १०-२०% | १४/४४ | लक्ष्य अनुरुप |
| ०८०/०८१ | E8 | कुल सम्पत्तिमा संस्थागत पुंजी | घटीमा १०% | ५/४३ | संस्थागत पुंजी कम |
| ०८०/०८१ | A1 | कुल ऋणमा भाखा नाघेको ऋण | ५% भन्दा कम | २/८२ | लक्ष्य अनुरुप |
| ०८०/०८१ | A2 | कुल सम्पत्तिमा आर्जन नगर्ने सम्पत्ति | कुल सम्पत्तिको ५% भन्दा कम | ३/१८ | लक्ष्य अनुरुप |
| ०८०/०८१ | R9 | कुल सम्पत्तिमा संचालन खर्च | ५% | ३/१८ | लक्ष्य अनुरुप |
| ०८०/०८१ | R12 | कुल सम्पत्तिमा बचत,उवार | १ देखि बढीमा १०% | १/७५ | लक्ष्य अनुरुप कम |
| ०८०/०८१ | L2 | कुल निक्षेपमा तरल मौज्दात | १०% | ३२/९१ | लगानी बढाउनु पर्ने |
| ०८०/०८१ | S11 | कुल सम्पत्तिमा बृद्धि | मुद्रास्फिती अनुसार | २५/२८ | |

यसै गरि यस संस्थाको आ.व.०८०।०८१ को लेखापरिक्षण प्रतिवेदन एन.एफ.आर.एफ.को मापदण्ड भित्र रहि लेखा परिक्षण गरिएको जानकारी गराउदै आर्थीक कारोबारहरुको लेखापरीक्षण प्रतिवेदन र कोषाध्यक्ष म वालकृष्ण वस्नेतबाट प्रस्तुत वित्तिय प्रतिवेदन माथि छलफलद्वारा अनुमोदनको लागि यस गरिमामय २१ औं वार्षिक साधारण सभा समक्ष पेश गरेको समेत जानकारी गराउँदै संस्थाको आ.व.०८०।०८१ को प्रस्तावित,यथार्थ र आ.व.०८१।०८२ को प्रस्तावीत प्राप्ती तथा भुक्तानी विवरणका साथै लेखा परिक्षण प्रतिवेदन र अन्य वित्तिय सूचाङ्क समेत यसै प्रतिवेदन पुस्तिकाको अनुसूचिहरुमा सदस्यज्युहरुको अध्ययनका साथै अनुमोदनको निमित्त समावेश गराइएको जानकारी गराउँदछु । साथै आउदै गरेको नेपालीहरुको महान चाड वडा दशैं,शुभ दिपावली तथा छठ पर्वको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै विदा लिन चाहन्छु ।

वालकृष्ण वस्नेत
(कोषाध्यक्ष)
सुनगाभा साकोस
जय सहकारी
bkbilam7@gmail.

# बार्षिक साधारण सभामा लेखा समितिको तर्फबाट प्रस्तुत गरिएको प्रतिवेदन

## २०८१ असोज १५ गते

यस २२ औं वार्षिक साधारण सभा तथा नवौं अधिवेशनका अध्यक्ष ज्यू, संचालक समितिका पदाधि तथा सदस्य ज्यूहरु, बिभिन्न उप समितिका संयोजक तथा सदस्यहरु साधारण सभामा उपस्थित हुनु भ शेयर सदस्यज्युहरु, विभिन्न संघ संस्थावाट पाल्नु हुने प्रमुख अतिथी, अतिथीज्युहरु लगायत सम्पुर्ण उप महानुभावहरुमा संस्थाको तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

आदरणीय शेयर सदस्यज्यूहरु,

म यस २२ औं बार्षिक साधारण सभा तथा नवौं अधिवेशनमा संस्थाले आ.व.०८०।०८१ मा गरेको क्रियाकलापहरु संक्षेपमा राख्न चाहन्छु ।

सहकारी संस्थाको नाम, ठेगाना : सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि. इलाम ७ मालापथ

१ अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था :

- गत सालको साधारण सभामा प्राप्त भएका सल्लाह,सुझाव तथा निर्णयहरुलाई आधार मानी सो अ नै संस्थाले दैनिक काम कारोबार संचालन गरेको देखिन्छ ।

२ आ.व. ०८०।०८१ मा बसेको बैठक संख्या निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था : यस आ. संचालक समितिको वार्षिक जम्मा १४ बटा बैठक बसेको पाईयो साथै आवश्यकता अनुसार संस्थ औपचारीक अनौपचारीक भेटघाट छलफल हुने गरेको पाईयो । निर्णय भएका कुराहरु प्राय : कार्या भएको नै देखिन्छ।

३ ऋण लगानीको प्रकृया ,ऋण बापतको सुरक्षण बा धितो सम्बन्धी व्यवस्था :

- धितोमुल्याङ्कन समिति र ऋण उप समितिको सिफारीस,सदस्यको कारोबारको आधारमा ऋण स्वीकृत समितिबाट निर्णय भए पछि धितो दृष्टिबन्धक रोक्का या सदस्यको बचत जमानीको आधारलाई अनिवार्य ऋणको बिमा गरी निज सदस्यको बारेमा पुर्व सुचनाहरु संकलन गरेर FIVE C विश्ले फारम भरेर सो को कुल अंकको जोडलाई हेरेर मात्र ऋण लगानी गर्ने गरेको देखिन्छ । आ.ब. ०८१। बाट बाहिय भ्यालुएटरबाट धितोको मुल्यांकन गरि ऋण लगानी गर्ने नीति तय गरिदै आएको पाईयो ।

४ सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त बिवरण :

- सहकारी विभागबाट जारी भएको सहकारी मापदण्डको परिधीमा रहेर काम कारबाही भएको पाईन्छ ।
- सहकारी कार्यालय,विभाग वा सम्वन्धित संघले अनुगमन गरी दिएको प्रतिवेदन अनुसा निर्देशन,सुझावहरु कार्यान्वयन सम्बन्धी बिवरणहरु : क्रमिक रुपमा कार्यान्वयन हुँदै आएको कार्यान्वयन पक्ष सबल नै भएको देखिन्छ ।

५ पदाधिकारीहरुको पारिश्रमीक,भत्ता र अन्य सुविधाहरुको बिवरण :

५.१ पारिश्रमीक : नलिएको

५.२ भत्ता : संचालक समितिका सबै पदाधिकारी तथा सदस्यहरुले मासिक बैठक बस्दा प्रति बैठकको रु ५ को दरले (बैठकमा उपस्थित पदाधिकारी,सदस्यहरुलाई मात्र) नियमानुसार अग्रीम १५ प्रतिशत कर बाकी हुन आउने रकम १२ बटा बैठक सम्मको मात्र बैठक भत्ता लिने गरेको पाईयो ।

५.३ अन्य सुविधाहरु : संचालक समितिका अध्यक्ष र कोषाध्यक्षले मासिक बैठक भत्ता बाहेक साधारण सभाको निर्णय अनुसार परामर्श वापत मासिक रुपमा रु.१,५००। का दरले भुक्तानी लिने गरेको छ भने अन्य सुविधा लिएको देखिदैन ।

६ कर्मचारी प्रशासन सम्वन्धी व्यवस्थाहरु :

६.१ साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्वन्धी नियमावली भए । नभएको :

- आर्थिक प्रशासन तथा मानव संशाधन नीति २०७६ बनाई साधारण सभाबाट पारित भई कार्यान्वयनमा ल्याईएको छ

६.२ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको । नल्याईएको : कर्मचारी प्रशासन सम्वन्धी नियमावली बनाई प्रयोगमा ल्याईएको पाईयो ।

६.३ भर्ना प्रकृया पारदर्शीता र प्रतिस्पर्धी भएको । नभएको : आर्थिक प्रशासन तथा मानव संशाधन नीति २०७६ मा व्यवस्था भए अनुसार पारदर्शि र प्रतिस्पर्धी भएको देखिन्छ ।

६.४ कार्यरत कर्मचारीहरु र कार्यबोझ बीच तादम्यता रहेको । नरहेको : कार्यरत कर्मचारीहरु र कार्यबोझ बीच तादम्यता रहेको देखिन्छ ।

६.५ व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्वन्धी विवरण : व्यवस्थापक कार्यबोझ अनुसार कार्य गर्न सक्षम रहेको पाईन्छ ।

६.६ कर्मचारीहरुको भर्ना प्रकृया र संख्या : नयाँ कर्मचारीहरु भर्ना गर्नु पर्दा आर्थिक प्रशासन तथा मानव संशाधन नीति २०७६ बमोजिम खुल्ला विज्ञापन गरी प्राप्त भएका आवेदकहरुलाई लिखित,मौखिक र प्रयोगात्मक परिक्षा गरि छनौट गर्ने परिपाटीको विकास भएको पाईन्छ । यसरी हेर्दा हाल सम्ममा जम्मा ८ जना कर्मचारीहरु यस संस्थामा कार्यरत रहेको देखिन्छ । जसमा ७ जना स्थायी र १ जना दैनिक ज्यालादारीको रुपमा कार्यरत रहेको पाईयो ।

७ लेखा समितिले यस अघि दिएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था :

- लेखा समितिले दिएका प्रतिवेदन ,सल्लाह सुझावहरु प्राय : कार्यान्वयन हुदैं गएको देखिन्छ ।

८ लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु :

- संस्थामा राखिएका सम्पुर्ण लेखा,हिसाव किताव ,विल भर्पाइ आदि दोहोरो लेखा प्रणालीको आधारमा सहकारी ऐन नियमावली,बिनियम बमोजिम आर्थिक क्रियाकलापहरु पारदर्शी र नियम संगत चुस्त दुरुस्त राखेको र संचालक समितिले दीर्घकालिन समयमा नकारात्मक असर गर्ने कुनै निर्णय गरेको पाईएन । समय समयमा लेखा समितिले दिएको सुझावहरुलाई क्रमश : कार्यान्वयन गर्दै लगेको पाईन्छ । संस्थामा आवद्ध शेयर सदस्य ज्युहरुको सद्भाव,विश्वास र सहयोगको उच्च मुल्याकन गर्दै संस्थाको आ.ले.प.का क्रममा हरतवरले सहयोग गर्नुहुने संचालक समितिका पदाधिकारीहरु ,व्यवस्थापक एवं कर्मचारीवर्ग प्रति हार्दिक धन्यवाद दिन चाहन्छौं ।
- साधारण सभाको निर्णय पुस्तिका, ले.प. प्रतिवेदनहरु लगायत आवश्यक कागजातहरु सुरक्षीत तवरले राखेको देखिन्छ ।
- संस्थाको कारोवारहरुलाई समय सापेक्ष छिटो छरितो बनाउन सफ्टवेयर प्रणालीमा विकास गर्दै लगेको देखिन्छ ।
- संस्थाले सदस्यहरुलाई ऋण लगानी गर्दा संस्थाले ऐनको दफा ७४ को व्यवस्था बमोजिम प्राथमीक पुंजीकोष र वचतको अनुपात पालना गरेको देखिन्छ ।

९ लेखा समितिको सुझावहरु :

- विभिन्न प्रकारका सहकारी व्यवसायिक तालिमहरु संचालन गरि सदस्यहरुको जिवनस्तरमा परिवर्तन र स्वरोजगार बन्न अभिप्रेरित गर्दै जानुपर्ने ।
- ऋण सदुपयोगिताको अनुगमनलाई निरन्तरता दिनुपर्ने ।
- लगानी गरिएको केही ऋण भाखा नाघी असुली हुन नसकेको र सोको लागि सम्बन्धित ऋ सदस्यहरुलाई हुलाक मार्फत पत्राचार,निरन्तर फोन सम्पर्क ,घरदैलो लगायका कार्यहरु गर्दा केही र उठेको तर अझै केही रकमहरु उठ्न वाकी देखिएको हुदा सो भाका नाघेका ऋणी सदस्यहरुलाई निर रुपमा सम्पर्क गरि असुली गराउने तर्फ ध्यान दिनुपर्ने ।
- धितो राख्दा अंसियारहरुको समेत मन्जुरीनामा लिनुपर्ने ।
- शेयर सदस्यहरुलाई अधिकार र दायित्व प्रति अझ बढि जिम्मेवार बनाउन प्रेरित गर्दै जानुपर्ने देखिन्छ
- संस्थाबाट विभिन्न मितिमा आफुले लगेको ऋण रकमको व्याज, किस्ता लगायतको रकम नियमित र बुझाउनु पर्नेमा केही ऋणी शेयर सदस्यहरुले हाल सम्म पनि नबुझाएको हुदा संस्थाको वा मुनाफामा समेत असर परेकोले गर्दा चालु आ.व.मा अनिवार्य रुपमा आफुले संस्थामा बुझाउनु व्याज,किस्ता लगायतका कारोबारहरु नियमित गर्नहुनका लागि ध्यानआर्कषण गरिन्छ ।

धन्यवाद

जय सहकारी

२०८१ असोज १९ गते

लेखा समिति संयोजक : गणेश अधिकारी

समिति सदस्य : टिकाराम वराल

समिति सदस्य : चुडामणी गुरागाँई

केरुङ एण्ड एसोसिएट्स
रजिष्टर्ड अडिटर (R.A.)
पाँचथर फिदिम
E-Mail -narendrakumarkerung@gmail.com

फोन नं.:- ०२४-५२०२२८
मोबाइल नं. :- ९८४२६८१३२८
स्था.ले.नं.:- ३००९९६१३३

ICAN सदस्यता नं.:- ३६७० संस्था नं. ३३४४ पेशागत प्रमाण-पत्र नं.:- २८५ 'ग' पेशागत प्रमाण-पत्र नं.:- २१३'घ'

विषय:- *स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन ।*

श्री अध्यक्ष ज्यू,
सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.
इलाम न.पा-७, इलाम, इलाम ।

मिति २०८१।०२।२३ गतेको नियुक्ति पत्रानुसार हामीले सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि. इलाम न.पा-७, इलाम, इलामको वित्तीय विवरण जसले २०८१ आषाढ मसान्त सम्मको स्थितिविवरण पत्र, सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/०८१ को प्राप्ती भुक्तानी बिबरण, आय बिबरण, नगद प्रवाह बिबरण ईक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरण र प्रमुख लेखानीति तथा लेखाटिप्पणी समावेश गर्दछ, को लेखापरिक्षण सम्पन्न गरेका छौं ।

प्रचलित कानून तथा नेपाल लेखामान बमोजिम वित्तीय बिवरणको तयारी र यथार्थ प्रस्तुतिकरण गर्नु सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.इलाम न.पा-७, इलाम,, इलामको ब्यवस्थापनको उत्तरदायित्व हो । यस उत्तरदायित्व अन्तर्गत वित्तीय विवरण गलत आंकडा, जालसाजी वा त्रुटीका कारण, रहित छ भनि तयारी र प्रस्तुतीकरण गर्ने कार्यसँग सम्वन्धित आन्तरिक नियन्त्रण प्रणालिको तर्जुमा गर्ने, लागु गर्ने, अधावधिक बनाई राख्ने, उपयुक्त लेखा नीतिको छनौट गर्ने र लागु गर्ने तथा तत्कालीन अबस्थामा उपर्युक्त लेखा अनुमानहरू गर्ने कार्यहरू पर्दछन् ।

वित्तीय विवरणहरू उपर लेखा परिक्षणको आधारमा आफ्नो राय जारी गर्नु हाम्रो उत्तरदायित्व हो । प्रचलित नियम कानून र नेपाल लेखापरिक्षणमानको आधारमा लेखापरिक्षण सम्पन्न गर्नु पर्दछ । यी लेखापरिक्षणमानहरू बमोजिम वित्तीय विवरणहरू गलत आंकडा रहित छ भनि विश्वस्त हुन लेखापरिक्षकले नैतिक मूल्य मान्यताको पालना गर्नु पर्दछ र सो बमोजिम लेखापरिक्षण योजना तयार गरी लेखापरिक्षण गर्नु पर्दछ ।

वित्तीय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको नमूना (छड्के) परिक्षण समेत लेखापरिक्षणमा समावेश हुन्छ । संस्थाले अवलम्वन गरेको लेखानीति ब्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान एवम् वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरिक्षणमा समावेश हुन्छ । लेखा परिक्षणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

हाम्रो विचारमा उल्लेखित वित्तीय विवरणहरूले २०८१ आषाढ मसान्त सम्मको वित्तीय स्थिती, सो मितिमा समाप्त भएको आर्थिक कारोबारको नतिजा र नगद प्रवाहको नेपाल लेखामान र प्रचलित ऐन नियम बमोमिज सहि र यथार्थ चित्रण गर्दछ ।

मिति-२०८१।०६।
स्थान- ईलाम न.पा.-८, ईलाम
UDIN –

प्रो.नरेन्द्र कुमार केरुङ
लेखापरीक्षक (R.A.)

# सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.

इलाम न.पा-७, इलाम, इलाम

आ.ब. २०८०/०८१ को

## आर्थिक कारोबारको संक्षिप्त टिप्पणी तथा बित्तिय बिबरणका नोटहरू

**सामान्य जानकारी**

१. सुनगाभा बचत तथा ऋण सहकारी संस्था सहकारी ऐन २०४८ बमोजिम नेपालमा स्थापना भएको संस्था हो । यस संस्थाको मुख्य कार्यालय इलाम न.पा-७, इलाम, ईलाममा रहेको छ । यस संस्थाले सदस्यहरू माफत कारोबार गर्दै आएको छ । डिभिजन सहकारी कार्यालयाट बचत तथा ऋण संचालन मिति ०५२।०९।१८ गते स्वीकृती प्राप्त गरी आफ्नो कारोबार सञ्चालन गरेको छ । करदाता सेवा इलामबाट स्थायी लेखा नम्बर ३०३८३६९२२ प्राप्त गरेको छ ।

१.१ यस संस्थाको कार्यक्षेत्र इलाम न.पा. वडा नं. १,४,५,६,७,८,९,१० र १२. रहेको छ ।

१.२ संस्थाको बिनियम संसोधन तथा पुर्नलेखन भएको छ ।

१.३ संस्थामा बर्तमान शेयर सदस्य, संचालक समिति, लेखासमिति र कर्मचारी निम्न बमोजिम रहेको छ ।

| सि.नं. | बिबरण | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | शेयर सदस्य | ११९५ | ८३२ | २०२७ | | | | संस्था-६ |
| २ | सञ्चालक समिति | ३ | ६ | ९ | १ | २ | ६ | |
| ३ | लेखा समिति | - | ३ | ३ | - | - | ३ | |
| ४ | कर्मचारी | ७ | २ | ९ | | | | |

१.४ संस्थाको कार्य समिति निम्न बमोजिम रहेको छ ।

| सि.नं. | नाम थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | श्री गोपाल पौडेल | अध्यक्ष | ९८५२६८०३१६ |
| २ | श्री चन्द्रमणी भट्टराई | उपाध्यक्ष | ९८४४६९२२६२ |
| ३ | श्री जीवन कोईराला | सचिव | ९८५२६८०२०७ |
| ४ | श्री वालकृष्ण बस्नेत | कोषाध्यक्ष | ९८५२६८०२५३ |
| ५ | श्री यसोदा देवान | सदस्य | ९८४२६२७५०८ |
| ६ | श्री गंगा उप्रेती | " " | ९८४२७३५८५० |
| ७ | श्री निर्लजा खड्गी | " " | ९८४२६६३६७० |
| ८ | श्री सुमन दास | " " | ९८५२६८०५६३ |
| ९ | श्री अम्बिका कार्की | " " | ९८४२७८०२६० |

संस्थामा निम्न बमोजिमका कर्मचारीहरू कार्यरत छन ।

| सि.नं. | पद | नामथर | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | व्यबस्थापक | भुवन सुबेदी | ९८४२६२७६८१ |
| २ | लेखा तथा ऋण अधिकृत | कमला थापा | |
| ३ | लेखा तथा प्रशासन सहायक | रीता थापा | ९८४२७२८३३३ |
| ४ | रकम संकलक | फुल कुमारी प्रधान | |
| ५ | रकम संकलक | सुमन दाहाल | |
| ६ | रकम संकलक | ज्ञानु भण्डारी | |
| ७ | रकम संकलक | बनिता खत्री | हाल कार्यरत नरहेको |
| ८ | रकम संकलक | तारादेबी घिमिरेगर | |
| ९ | रकम संकलक | प्रश्ना सापकोटा | |

५ यस संस्थामा ६ जना कर्मचारी स्थायी र अन्य कर्मचारी करारमा नियुक्ती गरिएको छ ।

६ अन्य व्यबस्था ( व्यबस्थापनको प्रतिबद्धता )

क. संस्थाले प्रचलित लेखा सिद्धान्त र सहकारी लेखाप्रणाली अनुसार चार खातामा लेखा राख्ने गरेको ।

ख. आर्थिक कारोबारको लेखाङ्कन नगद आधारमा गर्ने गरेको ।

ग. साधारण सदस्यहरूलाई संस्थाको गतिविधिको आधिकारीक जानकारी साधारण सभाद्वारा र आवश्यकता अनुसार जुनसुकै समयमा पनि दिने गरेको संस्थाको गतिविधिको अनुमोदन साधारण सभाको निर्णयबाट हुने गरेको ।

घ. पदाधिकारी तथा सदस्यहरू विचमा विभेद छैन ।

ङ संचालक समितिको बैठक नियमित रूपमा तथा आवश्यकता अनुसार अन्य समयमा समेत बस्ने गरेको ।

च. जनजाती, दलित र अन्य जातीको समेत संस्थामा सहभागीता रहेको छ ।

छ. जगेडा कोष तथा अन्य कोषको परिचालन संस्थाको विनियममा उल्लेखित उद्देश्य र कार्यभन्दा बाहिर भएको छैन ।

ज. संस्थाका कुनै पदाधिकारी तथा सदस्यहरूको संस्थासंग सम्बन्धित कारोबारमा करयोग्य आय छैन ।

सुनगाभा बचत तथा ऋण सहकारी संस्थाको बित्तिय बिवरणहरू देहायका प्रमुख लेखानीतिहरूको आधारमा तयार पारिएको छ । अन्यथा लेखिए बाहेक यि नीतीहरूको पालना यस सहकारी संस्थाबाट हरेक बर्ष एकरूपताका साथ गरिएको छ ।

१. वित्तीय विवरण तयारीको आधार

१.१ मझौला निकायहरूको लागी पहिलोपटक नेपाल बित्तिय प्रतिबेदनमान लागु गर्दा

मझौलानिकायहरूको लागी पहिलोपटक नेपाल बित्तिय प्रतिबेदनमान (NAS For SMEs) लागु गर्दा अथवा लेखानितिमा परिबर्तन वा बिगत बर्षका त्रुटी सच्याउदा गर्नु पर्ने समायोजनको हिसाब मिलान मझौला

निकायहरूको लागी नेपाल बित्तिय प्रतिवेदनमानका अनुसार एक भन्दा बढी बर्षको तुलनात्मक रकम बित्ति बिवरणमा प्रस्तुत गर्न ऐच्छिक व्यवस्था गरेकोले मझौला निकायहरूको लागी नेपाल वित्तिय प्रतिवेदनमान लागु हु संक्रमण मितिको संशोधित रकम वित्तिय स्थिति बिबरणमा प्रस्तुत गरिएको छ ।

मझौला निकायहरूको लागी नेपाल बित्तिय प्रतिवेदनमान यसै आर्थिकवर्ष देखि लागु गरिएकोले पश्चातद रूपमा लागु गर्नु पर्ने लेखानितिको हकमा मझौला निकायहरूको लागी नेपाल बित्तिय प्रतिवेदनमान लागु हुने संक्रम मिति १ श्रावण २०८० मा असर परेका जति लेखा शिर्षकहरूमा समायोजन भई २०८० श्रावण १ को जगे आयमा कुनै पनि असर नपरेकोले जगेडाकोषमा परिबर्तन गरिएको छैन । बित्तिय स्थिति बिवरणमा पर्ने असर जा समायोजन गरि तयार गरिएको छ, बित्तिय स्थिती बिवरणको कुल योगमा भने कुनै फरक परेको छैन।

२.२ सम्बन्धित मानहरूको पालना

सुनगाभा बचत तथा ऋण सहकारी संस्थाको बित्तिय बिबरणहरू देहायका प्रमुख लेखानीतिहरूको आधार तयार पारिएको छ । अन्यथा लेखिए बाहेक यि नीतीहरूको पालना यस सहकारी संस्थाबाट हरेक बर्ष एकरूपता साथ गरिएको छ ।

संस्थाले सहकारी लेखा प्रणालीको अभ्यास अनुसार चारखातामा हिसाब राखी गत बर्ष प्रस्तुत गरेको वित्ती विवरणको ढाँचा अनुसार नै सामान्यतया प्रचलित सहकारी पद्धति र अभ्यासको आधार स्वीकृत लेखा सिद्धा अनुसार र भौतिक सम्पत्तिका हकमा मझौला निकायमा लागु हुने हासकट्टी नेपाल वित्तीय प्रतिवेदनमान अनुसा वित्तीय विवरण तयार गरेको छ । नेपाल लेखामान बोर्डले जारी गरेको तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाद्वा वित्तीय विवरण प्रस्तुती सम्बन्धी लागु गरिएको पछिल्लो मझौला निकायमा लागु हुने नेपाल वित्तीय प्रतिवेदन मा बमोजिम पुर्णरूपमा वित्तीय विवरण तयार गरिएको छ, लेखामान बोडले जारी गरेको लेखा नीति अनुसार लागु ग जाने समेत नीति लिइएको छ । संस्थाले चार खाता र सहायक खातामा समेत लेखा ब्यवस्थापन गरेको छ । शेय बचत, ऋण लगायत मूल खाता र सहायक खाताका अनुसूचीहरू भिडान भएका छन । गोश्वारा भौंचरको प्रयो गरी सम्बन्धित पदाधिकारीहरूबाट प्रमाणित गराई मासिक/आवधिक रूपमा आय ब्ययको अनुमोदन हुने ब्यवस्थ रहेको छ ।

२.३ संचालक समितिबाट वित्तीय विवरण जारी र अनुमोदनको लागि सिफारिस

संचालक समितिले आफ्ना मासिक बैठकहरूमा आय ब्ययको अनुमोदन गर्ने परम्परा रहेको छ ब्यवस्थापकबाट वित्तीय विवरणहरू सहित सञ्चालक समितिमा पेश गर्ने ब्यवस्था रहेको छ । खाताबन्दी पछि समि पदाधिकारी र ब्यवस्थापकले हस्ताक्षर गरी तयार भएको वित्तीय विवरणलाई नै अन्तिम वित्तीय विवरण मानी लेख परीक्षण गराउने परम्परा रहेको छ । उक्त लेखा परीक्षण प्रतिवेदन र त्यसमा संलग्न वित्तीय विवरण सञ्चालक समितिले पारित गरी आगामी साधारण सभामा अनुमोदनका लागि सिफारिस गर्ने प्रचलन रहेको छ ।

२.४ मापनको आधार

संस्थाले वित्तीय विवरणहरू ऐतिहासिक लागतका आधारमा सम्पतिहरू, दायित्वहरू र कोषहरूका मापन गरी तयार गरेको छ ।

२.५ रकमको मुद्रा र पैसाको रकमान्तर

वित्तीय विवरणका रकमहरू नेपाली रूपैया मा प्रस्तुत गरिएको छ । पैसालाई दशमलव पछिको नजिकक दुई अंक सम्ममा लगेर लेखाङ्कन गरिएको छ । दशमलब पछिका अंकले पारेको प्रभावलाई नजिकको रूपैयाँम मिलान गरि हिसाब तयार गरिएको छ ।

२.६ महत्वपूर्ण लेखा निर्णय, अनुमान र मान्यताहरु :

वित्तीय विवरणहरुका तयारीका लागि केही महत्वपुर्ण लेखा अनुमान र निर्णयहरुका प्रयोग आवश्यक पर्दछ लेखा नीतिहरू लागु गर्ने निर्णय गर्न , भविष्यका घटनाहरुका सम्बन्धमा अनुमान गर्न, नितिहरू निश्चित गर्न व लागि पनि ब्यवस्थापनको निर्णय आवश्यक हुन्छ भन्ने मान्यता रहन्छ । स्थिर सम्पत्तिको मौज्दात मुल्यलाई आधा मानी उपयोगी आय निर्धारणका अनुमान लगायतका अन्य अपेक्षा र परिस्थितिहरूका अनुमान समेत ब्यवस्थापनबाट भएको छ । भविष्यमा यी अनुमान र नितिहरु वार्स्तविक परिणाम भन्दा फरक हुन गएमा सोको पुर्नमुल्यांकन गर्ई यथार्थ परक वित्तीय विवरण तयारी गर्ने उत्तरदायित्व समेत ब्यवस्थापनमा नै रहेको छ ।

२.७ अविच्छिन्न सञ्चालन (Going Concern)

संस्थाका वित्तीय विवरण, अविछिन्न सचालन निकायका अवधारणलाइ आधार मानी तयार गरिएको छ ।

२.८ लेखा नीतिहरुमा भएको परिबर्तन र खुलासाहरु

